# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

जनसङ्ख्या परिवर्तनलाई प्रभाव पार्ने एक प्रमुख कारकतत्व वसाइँसराइ हो । यसले जन्म र मृत्युले जस्तो जनसङ्ख्या घटाउनु र बढाउनु मध्ये कुनै एक प्रक्रिया मात्र नगराई उद्गम स्थलमा जनसङ्ख्याको आकार घटाउने र गन्तव्य स्थलको जनसङ्ख बढाउँछ । जन्म र मृत्यु जनसङ्ख्या परिवर्तनको प्राकृतिक तत्व हुन् भने बसाइँसराई कृत्रिम कारक तत्व हो ।

सामान्य अर्थमा बसाइँसराइ भनेको एक स्थानबाट अर्को स्थानमा मानिसहरु सर्ने वा जाने प्रक्रिया हो । मानिसहरु आफ्नो उदेश्य अनुसार फरक-फरक स्थान, समय र दुरीमा वसोवासको स्थान परिवर्तन गर्दछन् । कोही रोजगारीको सिलसिलामा, कोही अध्ययनको सिलसिलामा तथा कोही वैवाहिक र वाध्यात्मक अवस्थाका कारणले पनि वसोवासको स्थान परिवर्तन गर्दछन् ।

Devid neer का अनुसार अक्सर वासेवासको स्थान परिवर्तन गर्नुलाई बसाइँसराइ भनिन्छ ।संयुक्त राष्ट्र संघको बहुभाषिक शब्दकोशका अनुसार बसाईसराइ भन्नाले अक्सर वसोवासको स्थान परिवर्तन गरी एउटा भौगोलिक एकाइ वा क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रमा हुने व्यक्तिहरुको क्षेत्रीय गतिशिलतालाई बुझिन्छ । कुनै एउटा राष्ट्रको सिमानाभित्र बसाइँसराइको लागि स्पष्ट तोकिएको कुनै एक निश्चित भौगोलिक वा राजनैतिक क्षेत्र पार गरी अर्को भौगोलिक वा राजनीतिक क्षेत्रमा आउने वा जाने प्रकृयालाई अन्तारिक बसाइँसराइ भनिन्छ (अर्याल, २०६६) ।

कम आर्थिक उत्पादन असमान्य समाज आर्थिक पूर्वाधार जमिनको तुलनामा उच्च जनसङ्ख्याको चाप परम्परागत कृषिमा आधारित पेशा साथै सामाजिक सांस्कृतिक समस्याका कारण यस क्षेत्रमा गरिबी झन झाँगिदै गएको छ । मार्क्सले समाजमा विकसित हुने स्तरीकरणको कारक तत्वको रूपमा अर्थव्यवस्थालाई मानेका छन् । एउटै राष्ट्रका गाउँ र शहर बीच पनि आर्थिक असमानताहरू बृद्धि हुँदै गएको देखिन्छ । यसबाट समाजमा स्वास्थ्य, शिक्षा, पेशा, व्यवसाय आदि क्षेत्रको पहुँचमा प्रत्यक्ष प्रभाव पारेको छ । उत्पादनको शक्ति र उत्पादन सम्बन्धले आर्थिक आधारहरू निर्धारण गर्दछ । समाजमा स्थापित धर्म

पारिवारिक अवस्था, राजनीतिक संस्था आर्थिक आधारहरूको प्रकृतिमा निर्भर पर्दछन् । यसरी सामाजमा सिर्जना भएका धर्म, राजनीतिक संस्था आदिको मात्र समाजको बलियो आधार बनाउँछ (आचार्य, २०६१) ।

सामान्यतया वसाईंसराई भन्नाले एकठाउँबाट अर्को ठाउँमा बसोवास गर्नु भन्ने  बुझिन्छ । बसाइसराईंको निमित्त निश्चित समयावधि भित्र कुनै भौगोलिक क्षेत्र वा अक्सर वसोवसको स्थान परिवर्तन हुनुपर्छ । नेपालमा वसाईंसराई भन्नाले त्यो व्यक्तिले आफ्नो जन्म स्थान भएको जिल्ला छोडेर कम्तिमा ६ महिना अर्को जिल्ला भौगोलिक क्षेत्रमा अक्सर वसोवास स्थान परिवर्तन गर्ने प्रक्रियालाई बुझाउँदछ । जनसङ्ख्या तथा वातावरण मन्त्रालयका अनुसार मानिसहरूको प्रायः बसोवास गर्दै आएको स्थान स्थायी वा अस्थायी रुपले परिवर्तन गरि एक प्रशासनिक वा  भौगोलिक क्षेत्रबाट अर्को प्रशासनिक वा भौगोलिक क्षेत्रमा सर्नुलाई वसाईसराइ भनिन्छ (खत्री, २०६८) ।

आर्थिक तत्वहरूलाई आकर्षण र विकर्षणका प्रमुख तत्वहरूका रूपमा  लिन सकिन्छ । मानिसहरूको निर्धन क्षेत्रबाट जीवनस्तर उच्च हुने क्षेत्रतिर वसाईं सर्दछन् । बेरोजगारी, अधिक घरभाडा, कठिन परिश्रमबाट कम आय, निर्धनता र कुपोषण जस्ता तत्वहरूले उत्प्रवासनलाई प्रेरित गर्दछ । आफू बसेको क्षेत्रमा यस्तो स्थिति सिर्जना भएमा मानिस वसाई सर्न वाध्य हुन्छ । कुनै क्षेत्रमा खनिज उत्खनन्, नयाँ प्राकृतिक स्रोतको संभावना भएमा त्यस्ता क्षेत्रतिर आप्रवास बढी हुन्छ । ग्रामिण क्षेत्रबाट शहरमा हुने वसाईंसराईको प्रमुख कारण आर्थिक समस्या नभएर सामाजिक समस्या भएको स्पष्ट पारेका छन् । लिजमा लिइएको भूमिको अवधि समाप्त भएपछि मानिसहरू शहरीक्षेत्र तिर बसाइ सर्न वाध्य हुन्छन् त्यसैले ग्रामिण क्षेत्रबाट शहरतिर हुने बसाईंसाराईको प्रभावहलाई रोक्न सरकारले उक्त समस्यालाई समाधान गर्नु पर्दछ । मोहीहरूलाई सुरक्षा दिने ग्रामिण क्षेत्रका विकासका पूर्वाधारहरूको विकास गर्ने आदि पक्षमा विशेष जोड दिनुपर्ने आवश्यकता भएको देखिन्छ ( ज्ञवाली, २०६८) ।

आन्तरिक बसाइँसराइको अवस्थालाई हेर्दा गाउँबाट सहर, पहाडबाट तराइ, गाउँबाट, गाउँमा तथा सहरबाट सहरमा हुने गर्दछ । यसैगरी समयको आधारमा स्थायी, अर्धस्थायी, अस्थायी र मौसमी अन्तरिक बसाइँसराइ हुने गर्दछ । नेपालमा सामान्यता आन्तरिक बसाइँसराइ हुने कारणहरु आर्थिक, सामाजिक, राजनैतिक, प्राकृतिक प्रकोप र जनसङ्ख्यिक

हुन् । आर्थिक रुपले बसाइँ सर्ने कारणहरु ग्रामिण र सहरी क्षेत्रको आयमा भिन्नता, रोजगारीको खोजी, गरीबी, बसाइँ सर्ने ठाउँमा सापेक्षिक रुपले सम्पन्नता, रोजगारी पाइने सम्भावना पूर्वस्थान भन्दा गन्तव्य स्थानमा बढी सरकारी लगानी, औधागिक विकास, यातायातको सुविधा पर्दछन् । सामाजिक दृष्टिले बसाइँसराइ कारणहरुमा सहरी जीवनको आकर्षण, शिक्षा र स्वास्थ्य सुविधा, सहरी क्षेत्रमा वस्दा सामाजिक मर्यादा हुन्छ भन्ने धारणा, बसाइँ सर्ने स्थानमा नाता कुटुम्ब, विवाह, र ठूलोपरिवार, सामाजिक झै-झगडा जस्ता तत्वहरु प्रमुख मानिन्छन् । राजनैतिक कारणहरुमा पूर्व स्थानको अन्याय र अत्याचार, सामाजिक सुरक्षाको कमी, पुनर्वास कार्यक्रम पर्छन । त्यसैगरी प्राकृतिक प्रकोपमा भू-क्षय, बाढी, पहिरो, खडेरी भुकम्प, भुखमरी, महामारी प्रमुख भनिन्छ भने जनसाङ्ख्यिक कारणमा उमेर, लिङ्ग, जनचाप पर्दछन् (थापा, २०६०)

नेपालमा आन्तरिक बसाइँसराइको अवस्थालाई हेर्दा दिनप्रतिदिन बढ्दो अवस्थामा छ । वि.सं. २०५८ तथा वि.सं २०६८ को जनगणनालई हेर्दा हिमाली क्षेत्रको जनसङ्ख्या कुल जनसङ्ख्याको ७.३ प्रतिशतबाट घटेर ६.७ पुगेको छ भने पहाडी क्षेत्रको जनसङ्ख्या ४४.३% बाट घटेर ४३.०% मा झरेको देखिन्छ तर तराइ क्षेत्रको भने ४८.४% बाट वढेर ५०.३% पुगेको छ । यसैगरी गाउँतथा शहरमा वसोवास गर्ने जनसङ्ख्या अनुपातलाई हेर्दा वि.सं. २०५८ को जनगणनाअनुसार क्रमश : ८६.४१ र १३.५९% रहेको थियो भने वि.सं. २०६८ को जनगणनामा यसको अनुपात क्रमश : ८२.९ र १७.१ रहेको छ । यसलाई हेर्दा नेपालमा आन्तरिक बसाइँसराइ दिनानुदिन बढ्दै गएको देखिन्छ । (के.त.वि. २०५८ र २०६८)

एउटा गाउँ तथा क्षेत्रको भन्दा अर्को गाउँ तुलानात्मक रुपले सुविधा सम्पन्न छ भने सुविधाको खोजीका लागि मानिसहरु एक गाउँबाट अर्को गाउँ वा क्षेत्रमा बसाइँसराइ गर्दछन् । नेपालको स्रोत, साधन तथा सेवा सुविधा नभएका तथा कम भएका क्षेत्रबाट साधन, स्रोत सम्पन्न, रोजगारीका अवसर, शैक्षिक सुविधा, स्वास्थ्य सेवा तथा मनोरञ्जनका साधन, सुरक्षा र दैनिक उपभोग्य वस्तुहरुको सहज आपूर्ति हुने गाउँमा वसाइँसराइको प्रवृत्ति बद्दो देखिन्छ । जसले गर्दा जनसङ्ख्यालाई सन्तुलित रुपमा व्यवस्थापन गर्न अप्ठ्यारो रहेको पाइन्छ । यसलाई व्यवस्थित गर्नका लागि अन्यिन्त्रत र अव्यवस्थित बसाइँसराइको प्रवृत्तिलाई उपयुर्क्त प्रयास गरी विकास निर्माणमा पनि सन्तुलन ल्याउन जरुरी छ ।

आन्तरिक बसाइसराइको यो प्रवृत्तिले गर्दा नेपाल जस्ता थुप्रै अविकासित राष्ट्रहरुमा जनसङ्ख्याको उचित व्यवस्थापनमा समस्या रहेको पाइन्छ ।

## १.२ समस्याको कथन

विश्वका अधिकांश विकासशिल तथा अविकासित देशहरुमा आन्तरिक बसाइँसराइको प्रवृत्तिमा अत्याधिक चाप बढेको देखिन्छ । जसले गर्दा जनसङ्ख्याको सन्तुलित वितरण हुन सकेको छैन । नेपालमा पनि आन्तरिक बसाइँसराइको तिब्र बृद्धिले गर्दा तराइ क्षेत्रका अधिकांश बजार तथा सहरहरुमा जनसङ्ख्याको अत्यधिक चाप बढ्ने गर्छ वातावरण प्रदुषण, खेतीयोग्य जमीनहरु वस्तीमा रुपान्तरण, वनजङ्गलको विनाश, सेवा सूविधा तथा उपलब्ध स्रोत साधनले धान्न नसक्ने अवस्थाले विकराल समस्या पैदा भएको छ । कतिपय हिमाली तथा पहाडी सकेका विकासित बजार तथा सहरहरुमा पनि अन्तरिक बसाइँसराइको चाप वृद्धि भइरहेको देखिन्छ । जसले गर्दा गन्तव्य स्थानमा वसोवास क्षेत्रको विकास गर्दा ऐतिहासिक, पर्यटकीय स्थल र भौगोलिक रमणीय क्षेत्रहरुको पहिचान रक्षामा पनि समस्या देखिन्छ ।

आन्तरिक बसाइँसराइको बढ्दो चापले गर्दा उद्गम स्थलका खेतीयोग्य जमिनहरु बाँझिन्दै गईरहेको अवस्था छ भने अर्को तिर गन्तव्य स्थलका जमिनहरु वस्तिमा बिकसित भई खाद्यान्न उत्पादनघट्न गई खाद्य संकट पर्ने देखिन्छ । यसैगरी उद्गम स्थलका गाउँहरुमा रहेका विद्यालयहरु विद्यार्थी अभावका कारण वन्द हुने, शिक्षित व्यक्तिहरुको अभाव हुने, जनशक्तिको अभाव हुने समस्या उत्पन्न भएको छ भने गन्तव्य स्थानमा जनसङ्ख्याको चाप वढ्न गई उपलब्ध स्रोत र साधनको अत्यधिक प्रयोग हुन जान्छ र दिगो विकासमा असहज परिस्थिति उत्पन्न भैरहेको छ ।

नेपालमा आन्तरिक बसाइँसराइले उद्गम स्थल र गन्तव्य स्थलमा अनुकुलर प्रतिकुल दुवै प्रभाव पारेको छ । हिमाल/पहाडबाट तराईतिर मानिसहरु ओइरो लाग्नले पहाडको जग्गाको अवस्था, पहाडमा श्रमिकको कमी र विकासका पूर्वधारहरुमा कमी जस्ता प्रतिकुल प्रभाव पारेको छ । यसैगरी अनुकुल प्रभावमा पहाडबाट अत्यधिक मानिसहरु तराइमा वसाइँसर्नाले पहाडमा जनचाप घट्ने, पोषणको स्थितिमा सूधारहुने, श्रमिकको उत्पादकत्वमा वृद्धि हुने, सामाजिक लगानी वढ्ने आर्थिक वचत हुने,भोकमारी घट्ने, भू-क्षय कम हुने, जमिनको

उत्पादकत्वमा वृद्धि हुने, वनजङ्गलमा जनचाप घट्ने हुन्छ जसबाट आर्थिक विकास हुन्छ ( थापा, २०६६) ।

कुन देश कस्तो किसिमको हो, भन्ने त्यस देशको सामाजिक आर्थिक अवस्थाले छर्लङ्ग बनाउने गर्दछ । जुन देशमा सामाजिक, आर्थिक विकास राम्रो हुन्छ त्यस देशलाई विकसित र जुन देशको सामाजिक, आर्थिक विकास न्यून छ । त्यस देशलाई विकासोन्मुख वा अविकसित भनेर चिनिन्छ । नेपाललाई रोग, भोक, स्वास्थ्य, शिक्षा, रोजगार, आम्दानी जस्ता पक्षले प्रभाव पारिरहेको छ । नेपालीहरूको गिर्दो आर्थिक अवस्थाले युवा, श्रम शक्ति, तथा जोश जाँगर विदेश तिर पलायन भएका छन् । अहिले नेपालको एक जल्दोबल्दो समस्याका रूपमा  बसाईसाईलाई लिइन्छ । वसाईंसराई किन गर्छन त? यो एउटा गम्भिर प्रश्न रहेको छ । मनिसहरू वसाईसराई रहरले मात्र गर्ने नभई वाध्यताले सर्नुपर्ने हुन्छ । जव मानिसका आधारभूत आवश्यकताको परिपूर्ति हुन छोड्छ अनि मानिस बसाईसाई गर्न बाध्य हुन्छ । स्वास्थ्य, शिक्षा,रोजगारी, विकासका पूर्वाधार कम भएपछि वसाईसर्ने गर्दछन् । जुन देशमा आर्थिक सामाजिक स्तर न्यून छ सो देशमा वसाईसराई तिब्र हुन्छ हाम्रो नेपालमा कतै जमिन बाँझो त कतै मानिसहरूको खचाखच भैसकेको छ । शिक्षाको ओजेलमा परेर लाखौं बालबालिकाहरू सडकको पेटीमा बास भएको छ । नेपालमा आर्थिक अभाव हुनको मूख्यतः कारण परम्परागत कृषि प्रणली नै हो । त्यस्तैगरी जनसङ्ख्याको असमान वितरणको कारणले पनि वसाईंसाराइलाई  पारेको छ । देशको सामाजिक आर्थिक अवस्था किन गिर्दो अवस्थामा रहेको छ ? आर्थिक सामाजिक अवस्थाले वसाईंसाराईलाई कसरी प्रभाव परेकोको छ कि छैन ? वसाईंसाईको मूल जड के हो त ? बसाईंसराईको लहर रोक्न के गर्नुपर्छ ?  नेपालमा किन अझै निरक्षरता उच्च देखिन्छ ? किन जातियता र साम्प्रादायिकतालाई प्राथमिकता दिइन्छ ? कुन जातीको वाहुल्यता रहेको छ ? यी र यस्ता प्रश्नहरूको उत्तर खोज्नु जरुरी छ । हाम्रो नेपालको वास्तविकता रहनसहन, चाडपर्व, जातजाति भाषा भाषी कस्तो अवस्थामा रहेको छ, यसले बसाईंसाराईमा प्रभाव पारेको छ कि छैन् ? त्यसको किन स्पष्ट पहिचान छैन ? अध्ययन क्षेत्रको आर्थिक अवस्था किन नाजुक छ ? किन त्यहाका माानिसहरू बसाई सर्ने   गर्छन् ? उनीहरू बसाईं सर्नुको मुख्य कारक तत्वहरू के हुन् त ? खर्च र आम्दानी विच सन्तुलन छ कि छैन जस्ता समस्याका वावजुद यस शीर्षकलाई छनौट गरिएको हो । उक्त स्थान सदरमुकामबाट नजिक भएता पनि सामाजिक, आर्थिक विकासमा किन पछि परेको छ ? वसाईंसराईको लहर किन चलेको छ ? जस्ता प्रश्नहरूको उत्तर खोज्नको लागि

यस सोधपत्र लेखन कार्यलाई अगाडी बढाएको छ । साथै उक्त स्थानमा विभिन्न चरहरू ( शिक्षा, स्वास्थ्य, आय व्यय, चाडपर्व, खानेपानी, रोजगार, जातजाति, भाषाभाषी, संस्कृति, धर्म) को अवस्था पहिचान गरी यी चरहरूले बसाईसराई प्रवाहलाई कस्तो प्रभाव पारेको छन् ,सो कुराको वास्तविकता पत्ता लगाउन उक्त विषय छनौट गरिएको हो । त्यसैले मेरो अध्ययनको शीर्षक सामाजिक, आर्थिक अवस्थाले बसाँईसराईमा पारेको प्रभाव छनौट गरिएको हो ।

यस शोधपत्रको शीर्षकलाई मुर्तरुप दिन झापा जिल्ला शरणामति गा.वि.स को विकासोन्मुख ७ र ८ लाई अध्ययन क्षेत्रको रुपमा लिइएको छ । कृषिका लागि आकर्षक भौगोलिक बनावट, सामाजिक, राजनैतिक अवस्थाको विकासले गर्दा बसाइसराइको जनचाप क्रमश बढ्दै गईरहेको छ । यहाँ विभिन्न गा.वि.स तथा जिल्लाबाट बसाइँसरी आउनेको सङ्ख्या क्रमिक रुपमा वृद्धि भइरहेको हुँदा यहाँका आकर्षक खेति योग्य जमिनको कारण वस्तीमा रुपन्तर हुने क्रम बढ्दो छ भने उपलब्ध स्रोत साधानहरु पनि सीमित भएकोले जनचापको अवस्यकता पुरा गर्न समस्या देखिएको पाइन्छ ।

## १.३ अध्ययनको महत्त्व

कुनैपनि अध्ययन अनुसन्धानलाई सार्थकता पाउनु जरुरी छ । यस अध्ययनको महत्व आन्तरिक बसाइँ सराइको वढ्दो लहरले जनसङ्ख्या व्यवस्थापन अनुकुल नभई उद्गम स्थल र गन्तव्य स्थलविचको सन्तुलित विकासमा पर्न जाने प्रभाव हो । आन्तरिक वसाइँसराइले जनसङ्ख्याको वितरणमा असमानता भई सवै क्षेत्रमा समान रुपमा अवसर तथा सुविधाहरु उपलब्ध हुन नसक्दा प्रदुषण, वनविनाश तथा प्राकृतिक स्वारुपमा परिवर्तन जस्ता समस्या सिर्जना भएको छ । यस असन्तुलित जनसंख्या व्यवस्थापनमा सहयोग पुऱ्याउन सहज परिस्थितिको अनुसन्धान भएकोले यसको महत्व रहेको छ ।

क) यस शोधपत्रमा गरिव तथा भूपरिवेष्ठित देशहरुमा देखा परेका बसाइँसराइको अनियान्त्रित र अव्यवस्थित प्रवृत्तिको समस्याले विकास निर्माण तथा प्राकृतिक स्रोत साधनको अत्यधिक प्रयोग र जनसङ्ख्या व्यवस्थापन प्रति परेको समस्यालाई रोकथामको लागि, सर्वसाधारण तथा वौद्धिक वर्गको लागि महत्व रहेको छ । यसैगरी आगमी शोधकार्य गर्नको लागि मार्गदर्शन पनि हुनेछ ।

ख) वर्तमान नेपालको अवस्थालाई हेर्दा भौगोलिक विकटता, सिमित स्रोत र साधनको उपलब्धता, सीमित खेतीयोग्य उर्वरा जमिन, सरकारी तथा गैर सरकारी संस्थाको पहुँचबाट टाढा, स्वास्थ्य, मनोरञ्जन, यातायात, सूचना प्रविधिको पहुँच जस्ता कारणले गर्दा हिमाल/पहाडबाट तराई र विकसित वजार तथा सहरतिर वसाइँसराइ गर्ने मानिसहरुको सङ्ख्या दिनप्रतिदिन बढ्दो छ । यसले गर्दा तुलनात्मक रुपमा विकासित स्थानमा हुने वसाइँसराइले प्राकृतिक स्वरुप लोप हुने, ऐतिहासिक महत्वका स्थान अतिक्रमण हुने, प्राकृतिक वातावरणीय प्रतिकुलता, सेवा सुविधाको अभाप बढ्ने जस्ता समस्याका कारणले हुने प्रभाव पहिचान गर्न यस्तो विषयलाई अनुसन्धान गरी निष्कर्ष निकाल्नु नै यसको महत्व रहेको छ ।

ग) यस विषयमा खोज अनुसन्धान गर्ने खोजकर्ताको लागि सन्दर्भ स्रोतको रुपमा उपयोगी हुनेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानका लागि निम्न उदेश्यहरु छनौट गरिएको थियो :

क) आन्तरिक बसाइँसराइका कारणहरु पत्ता लगाउन ।

ख) आन्तरिक बसाइँसराइले गन्तव्य स्थलमा पारेको प्रभावहरु पत्ता लगाउन ।

## १.५ अध्ययनको परिसिमाङ्क

यस अध्ययनको परिसिमा निम्नाअनुसार राखिएको छ :

क) यस अध्ययन  झापा जिल्ला, शरणामति गा.वि.स को ७ र ८ को आन्तरिक बसाईसराईको कारण र यसको प्रभावका बारेमा सिमित रहेको छ ।

ख) यस अध्ययनमा राखिएका उद्देश्य पुरा गर्नका लागि शरणामति गा.वि.स को वार्ा नं. ७ र ८ का विगत ५ वर्ष भित्रमा बसाइँसरी आउने ५० घर परिवारमा सीमित गरिको छ ।

## १.६ प्रयोग भएका पारिभाषिक तथा प्राविधिक शब्दहरू

| | | |
|---|---|---|
| दुर्गम क्षेत्र | : | शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, खानेपानी जस्ता कुराबाट पछाडिपरेको क्षेत्र |
| गा.वि.स | : | गाँउ विकास समिति |
| आप्रवासन | : | अन्यठाउँबाट बसाइँसराइ गरी आउने प्रकृया |
| आप्रवासी | : | अन्यबाट बसाइँसराइ गरी आउने व्यक्ति |
| प्रवृत्ति | : | यस अध्ययनमा प्रवृति भन्नाले खास, प्रकारका जाति तथा सम्प्रदायमा प्रचलनमा रहेको वानी, चलन तथा व्यवहारलाई समेत बुझिन्छ |
| बसाइँसराइ | : | बसाईसराई भन्नाले एक भौगोलिक क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रमा सर्ने प्रकृया जसमा प्राय: जन्मेको ठाँउ (बसिरहेको ठाउँ) बाट बासस्थान सरेर लक्षित स्थान तर्फ गइन्छ। |
| आन्तरिकबसाइँसराइ | : | आफ्नै राष्ट्रको सीमाना भित्र बसाइँसराइको लागि स्पष्ट रुपमा परिभाषित कुनै निश्चित भौगोलिक वा राजनीतिक क्षेत्र पार गरेर एक ठाँउबाट आर्को ठाँउमा बसाइँसर्ने प्रकृयालाई आन्तरिक बसाइँसराइ भनिन्छ |
| वाह्य बसाइँसराइ | : | आफ्नो देशको सीमान पार गरी अन्य राष्ट्रमा गएर बसोवास गर्ने प्रकृयालाई वह्य बसाइँसराइ भनिन्छ । |

# परिच्छेद : दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैदान्तिक खाका

कुनै पनि विषयवस्तुको अध्ययन गर्नका लागि समस्यासँग सम्बन्धित आधारहरूलाई सहयोगी स्रोतको रुपमा प्रयोग गर्न सकिन्छ। यस विषयसँग सम्बन्धित विद्वानहरूले गर्नु भएको खोज तथा अनुसन्धानको नतिजा तथा प्रकाशित पुस्तकहरू विषयवस्तुको पुष्ट्याइका निम्ति समावेश गर्नु उपयुक्त हुन्छ।

## २.१ सैद्धन्तिक साहित्यको पुनरावलोकन

रेभेन्स्टाईन (१८८५) ले बसाइँसराइका सात वटा नियमहरु प्रस्तावित गरेका छन्। जसलाई उनले बसाइँसराइका नियमहरु नामाकरण गरेका छन् जुन निम्नानुसार रहेको छ :

क) बसाइँसराइ र दुरी

ख) बसाइँसराइ अवस्थाहरु अनुसार हुन्छ अथावा चरणवद्ध हुन्छ

ग) बसाइँसराइको प्रवाह र गति प्रवाह

घ) ग्रामिण र सहरी क्षेत्र अनुसार भिन्नता

ङ) महिलाहरुको बाहुल्यता

च) प्रवृत्ति विकास र बसाइँसराइ

छ) आर्थिक उत्प्रेरकको प्रधानता

इभर्ट एस्.ली. को बसाइँसराइ सम्बन्धी सिद्धान्तमा व्यक्तिले बसाइँसराइका निर्णय किन र कसरी गर्दछ र बसाइँसराई प्रकृयामा कसरी सम्लग्न हुन्छ ? भन्ने बारेमा आफ्ना विचार व्यक्त गरेका छन्। बसाइँसराई प्रक्रिया मुख्यतया ४ कारक तत्वहरु उल्लेख गरेका छन्।

क) उत्पत्ति क्षेत्रसँग सम्बन्धित तत्वहरु

ख) पहुँचको क्षेत्रसँग सम्बन्धित तत्वहरु

ग) अवरोधक तत्वहरु

घ) व्यक्तिगत तत्वहरु

टोडारोको बसाइँसराई सम्बन्धि सिद्धान्तलाई आर्थिक प्रक्रियाको रूपमा लिइन्छ। ग्रामिण तथा शहरीबीचको वसाइँसराइले विगतमा पाश्चात्य जगत् र अहिले विश्व शहरी क्षेत्रको

विकासमा ठूलो महत्व राखेको छ । पाश्चात्यमा जगत् र यो घटना उन्नइसौँ शताब्दीमा प्रवल रह्यो सन् १९५० र १९६० को आर्थिक विकासको साहित्यमा आन्तरिक वसाइँसराइ महत्वपूर्ण र वाञ्छित प्रक्रियाका रूपमा  रह्यो । यस प्रक्रियामा ग्रामीण क्षेत्रमा वचेको श्रम शहरी क्षेत्रमा स्थान्तरित भयो । शहरी क्षेत्रको वृद्धि र विकासका लागि यो आवश्यक पनि थियो । बसाइँसराई बेरोजगारीको परिस्थितिमा निरन्तर रूपमा  चलिरहन्छ (खत्री, २०६८) ।

Revenstein (सन् १८८५ को मार्च १७०) ले वेलायतको Journal of the statistical society मा सात वटा नियमहरू प्रतिपादन गरेका छन् । जसमा अधिंकाश मानिसहरू बसाईसराई छोटो दुरीका लागि सर्ने गर्दछन् । बसाईसराईकर्ता एकीकृत हुनेतर्फ जाँदा उनीहरूले खोली गरेको ठाउँलाई अन्थ दर्गमक्षेत्रका मानिसद्धारा पूर्ति गरीन्छ । मानिस विस्थापन हुनु भनेको एकीकृत हुने प्रकियाको ठिक विपरीत हुनु हो । प्रत्येक वसाइसराइको मुलधारले जुन ठाउँमा आफुलाई लगेर स्थापित गर्दा ठिक त्यहि समयमा त्यहाँवाट मानिसहरू विस्थापित अवस्था पनि सिजृना गर्दछ । त्यस्तै लामो दुरीमा वसाई सर्नेहरूले ठूला सहर वा औधोगिक क्षेत्रतर्फ वसाइ सर्ने कार्यलाई प्रथमिकता दिन्छन् । सहरी क्षेत्रमा वसनेवास गर्नेहरू ग्रामिण क्षेत्रमा वसोवास गर्नेको तुलनामा कम वसाइ सर्ने गर्दछन् त्यसैगरी अन्तमा छोटो दुरीमा पुरूषका तुलनामा महिलाहरू बढी बसाईसराईमा संलग्न हुन्छन् तर लामो दुरीमा भने पुरुषहरू बढी बसाईसराई गर्दछन् ।

Lee को बासाईसराईको सिद्धान्त अनुसार मौलिक थलो छाड्ने र गन्तव्य स्थानमा पुग्नु मानिसलाई थुप्रै तत्वहरूले दुवै तर्फ प्रभावित गर्दछन् । बास्तवमा मौलिक थलोको यथार्त जनकारी गन्तव्य स्थानमा जानेहरूलाई भएता पनि गन्तव्य स्थानको बारेमा भने धेरै हद सम्म उनीहरू अनविज्ञ हुनछन् भन्ने Lee को धारण रहेको छ अतः बसाइसराइले अन्तिम रुप लिनु पूर्व थुप्रै आन्तरीक अवरोधहरू जसमा दुरी र यातायतको महत्वापूर्ण भूमिका हुन्छ । यो आधुनिक युगमा प्राविधिक तत्वहरूले बसाइसराईमा खासै प्रभाव पार्छन् भन्न सकिदैन किनकी यसको प्रभाव प्रायः सबै स्थानमा हुन थालेको छ । त्यसैले बसाईसराईका लागि व्यक्तिगत तत्वहरूनै अति महत्वपूर्ण मानिन्छन् किनकी यी तत्वहरूले गर्दानै मैलिक तथा गन्तव्य स्थान बारेम व्यक्तिहरूले बुझि मूल्याङ्कन गरेर उनीहरू बसाई सर्न सफल हुन्छन् व्यक्तिगत गुणमा रहेको भिन्नताको कारण Lee ले बसाईसराईको

निर्णयलाई कहिल्यै पनि पूर्ण विवेकिकरणमा आधारित हुन्छन् भनि स्वीकारदैनन् (काफ्ले २०७२) ।

नेपालमा आन्तरिक बसाइँसराइले उद्गम स्थल र गन्तव्य स्थलमा अनुकुल र प्रतिकुल दुवै प्रभाव पारेको छ । हिमाल/पहाडबाट तराईतिर मानिसहरु ओइरो लाग्नले पहाडको जग्गाको अवस्था, पहाडमा श्रमिकको कमी र विकासका पूर्वधारहरुमा कमी जस्ता प्रतिकुल प्रभाव पारेको छ । यसैगरी अनुकुल प्रभावमा पहाडबाट अत्यधिक मानिसहरु तराइमा वसाइँसर्नाले पहाडमा जनचाप घट्ने, पोषणको स्थितिमा सूधारहुने, श्रमिकको उत्पादकत्वमा वृद्धि हुने, सामाजिक लगानी वढ्ने आर्थिक वचत हुने,भोकमारी घट्ने, भू-क्षय कम हुने, जमिनको उत्पादकत्वमा वृद्धि हुने, वनजङ्गलमा जनचाप घट्ने हुन्छ जसबाट आर्थिक विकास हुन्छ (थापा, २०६६) ।

UNESCO ले १९७० मा सदस्य राष्ट्रलाई आव्हान गरेको थियो । आधारभूत शिक्षाको सन्दर्भमा आधारभूत शिक्षाले कुशल व्यक्ति निर्माण गरिनु पर्छ, धर्म निरपेक्ष शिक्षा हुनुपर्छ शिक्षा जीवन गुजारा चलाउने हुनुपर्छ, शिक्षा सर्वव्यापी र सबैको पहुँच पुग्ने हुनुपर्छ (ढकाल र कोइराला, २०६३) ।

शहरी र ग्रामिण क्षेत्र तथा विविध भौगोलिक क्षेत्रहरू विचको दुरी नेपालमा फराकिलो  छ । २००३/०४ मा गरिएको नेपाली जीवनस्तर सम्बन्धी सर्वेक्षणमा १९५६/०५७ देखि २००३/०४ सम्ममा गरिब १०.९१ प्रतिशतले घटेको छ । यसरी गरिबी घट्नुको कारण निर्यात, तिव्र उत्पादन, शहरीकरण, आर्थिक सक्षमतायुक्त जनसङ्ख्या वृद्धि हुन् । धनी र गरिब बीच आयको दुरी अझ फराकिलो देखिन्छ । नेपाली जीवनस्तर सम्बन्धी सर्वेक्षण आयमा १९९२/०९५ मा ०.३४ रहेकोमा रहेकोमा २००३/०४ सम्म आइपुग्दा ०.४१ भएको छ । धनिहरूको आय उत्पादनदर गरिबहरूको भन्दा उच्च हुँदै आइपरेको छ । अब गरिब केन्द्रित नीतिहरू ल्याउन अपरिहार्य छ । आयवृद्धि गर्ने लघु तथा दिर्घ कार्यक्रमहरू, रोजगारीका अवसर सृजना गरि आर्थिक प्रतिस्थापनको सफल कार्यान्वयन गर्नुपर्छ (ज्ञवाली, २०६८) ।

दुलाल (२०७०) ले सामाजिक आर्थिक आस्थाले वसाइसराइमा पारेको प्रभाव सम्बन्धि गरेको अनुसन्धानमा पाँचथर जिल्ला लुङरुपा गा.वि.स वडा नं. ७, ८ र ९ लाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ उक्त अध्ययानमा वैदेशिक रोजगार तथा वसाँई सरेर

जाने व्यक्तिहरूलाई समेटीएको छैन किनकि उनिहरू उत्तरदाता बनाउन सकिदैन् र अन्यन्त्र स्थानबाट वसाँई सरेर आउनेलाई मात्र उत्तरदाता बनाइएको छ । यस अध्ययनको उद्देश्य सामाजिक अवस्थाले बसाईसराईमा पारेको प्रभाव पत्ता लगाउन र आर्थिक अवस्थाले बसाईसराईमा पारेको प्रभाव पत्ता लगाउन । मुख्या उद्देश्य रहेको छ भने यस अध्ययनको औचित्यमा पहिलेका अनुन्धान कर्ताले कुनै एक चरणहरूको मात्र खोज तथा अध्ययन गरेको पाइयो, त्यसैकारणले यस अनुसन्धानका कार्यमा पूर्व शोधकर्ताले अनुसन्धान गर्न नसकेको चरणहरूको बारेमा थप गहिरो अनुसन्धान गरेको छ । यस शोधकार्यमा जतिसक्दो सत्य तथ्य र यथार्थता बाहिर ल्याउन खोजेको छ । शोधपत्रमा छनौट गरिएको स्थानको सामाजिक आर्थिक अवस्थाले वसाईसराईमा पारेको प्रभावको विस्तृत रूपमा अध्ययन गरिएको छ ।

(गोरखापत्र, १५ कार्तिक २०७०) का आनुसार उर्जा विकासको संवाहक हो तर त्यस्तो उर्जा स्वच्छ र दिगो हुनुपर्छ । वातारणमैत्री नहुने खालका अर्थात् फोहो उर्जाको प्रयोगले गर्दा आज विश्वमा जलवायु परिवर्तनको समस्या चुनौतिको रपमा आएको छ । गरीबीकै कारण स्वच्छ उर्जाको उपयोग गर्न नसक्दा ती जनता अहिले पनि आधारभूत उर्जाको रुपमा दाउरा र वायोग्यासमा निर्भर छन् । विकासोन्मुख देशमा उर्जाले स्वच्छ उर्जामा पहुँच विना आधुनिक सुचना, प्रविधि, स्वास्थ्य, शिक्षा, आयस्तर माथि उठ्न नसक्दा मानिसको जीवनस्तरमा सुधार आउन सक्दैन । आधुनिक स्वच्छ उर्जाको पहुँचको विस्तारबाट मात्रै गरिबलाई कम गर्न सकिन्छ ।

ग्रामीण क्षेत्रमा उद्गम स्थानमा उत्प्रवासनले पारेको प्रभाव सम्बन्धि अध्ययनमा उद्गम स्थानमा विकासका पूर्वाधारको कमि र उनीहरू वेरोजगार रहनु र आफ्ना सन्तानलाई गुणस्तरीय र उच्च शिक्ष ग्रामिण भेगमा उपलब्ध गराउन नसक्नु विकास शहर केद्रित हुनु अनि मानव शोखिन बन्दै जनु नै ग्रामिण क्षेत्रमा उद्गम स्थानमा उत्प्रवासन हुनु रहेको छ र या अध्ययन मा यसको समस्या पत्ता लगाउनु र उक्त समस्याको सामाधान खोज्नु अध्ययनको उद्देश्य रहेको छ (बस्नेत, २०७०) ।

पौड्याल, (२०६०) अनुसार नेपालमा आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई हेर्दा विगतका चारवटा जनगणना वर्षहरुमा व्यक्तिको जन्मेको ठाउँ र हाल वसोवास गरिरहेको ठाउँको आधारमा तथ्याङ्क सङ्कलन गरिन्दै आएको पाइन्छ जसअनुसार कुनै पनि व्यक्ति आफू जन्मेको जिल्ला छोडेर हाल अर्को जिल्लामा बसोबास गरिरहेको व्यक्तिलाई जिवन

पर्यन्त बसाइँसराइको रुपमा वर्गीकरण गरेर तथ्याङ्क विश्लेषण गरेको पाइन्छ । नेपालमा विगत चारओटा जनगणना वर्षहरुको तथ्याङ्कलाई विश्लेषण गर्दा नेपालमा बसाइँसराईको संख्यामा वृद्धि हुँदै गएको पाइन्छ । उदाहरणका लागि, सन् १९६१ को जनगणना अनुसार नेपालमा बसाइँसर्नेहरुको संख्या ४२,२४०२,(४.५%) रहेको थियो भने सन् २००१ को जनगणना अनुसार यो संख्या वृद्धि भई १७,२७,३५०, (७.५%) पुगेको छ । यसलाई हेर्दा मानिसहरु सुविधाको खोजीमा विकसित स्थानतर्फ बसाइँसर्ने प्रवृत्ति दिनप्रतिदिन वढ्न गई जनसङ्ख्या व्यवस्थापनमा प्रतिकुलप्रभाव पर्न गएको छ ।

## २.२ व्यावहारिक साहित्यको पुनरावलोकन

पौड्याल, (२०६०) अनुसार नेपालमा आन्तरिक बसाईसराइको प्रवृत्तिलाई हेर्दा विगतका चारवटा जनगणना वर्षहरुमा व्यक्तिको जन्मेको ठाउँ र हाल वसोवास गरिरहेको ठाउँको आधारमा तथ्याङ्क सङ्कलन गरिन्दै आएको पाइन्छ जसअनुसार कुनै पनि व्यक्ति आफू जन्मेको जिल्ला छोडेर हाल अर्को जिल्लामा बसोबास गरिरहेको व्यक्तिलाई जिवन पर्यन्त बसाइँसराइको रुपमा वर्गीकरण गरेर तथ्याङ्क विश्लेषण गरेको पाइन्छ । नेपालमा विगत चारओटा जनगणना वर्षहरुको तथ्याङ्कलाई विश्लेषण गर्दा नेपालमा बसाइँसराईको संख्यामा वृद्धि हुँदै गएको पाइन्छ । उदाहरणका लागि, सन् १९६१ को जनगणना अनुसार नेपालमा बसाइँसर्नेहरुको संख्या ४२,२४०२,(४.५%) रहेको थियो भने सन् २००१ को जनगणना अनुसार यो संख्या वृद्धि भई १७,२७,३५०, (७.५%) पुगेको छ । यसलाई हेर्दा मानिसहरु सुविधाको खोजीमा विकसित स्थानतर्फ बसाइँसर्ने प्रवृत्ति दिनप्रतिदिन वढ्न गई जनसङ्ख्या व्यवस्थापनमा प्रतिकुलप्रभाव पर्न गएको छ ।

अर्याल (२०६६) का अनुसार अनुसार हिमाल, पहाडबाट तराईमा भएको वाह्य वसाइँसराइले तराई क्षेत्रमा प्रतिकुल प्रभाव पर्न भएको छ । तराई क्षेत्रमा पर्न गएको प्रतिकुल प्रभावहरुमा वनजङ्गलको फडानी, सार्वजनिक जमिन अतिक्रमण गर्ने प्रवृत्तिको विकास, मादक पदार्थको उपभोगमा वृद्धि, स्वास्थ्य, शिक्षा, खानेपानी, जस्ता सामाजिक सेवाहरुको कमी, जग्गाको मोलमा वृद्धि, तीव्र जनसङ्ख्या वृद्धि, विकासमा असन्तुलन प्रमुख रहेका छन् ।

के.त.वि. (२०६८) का अनुसार जनगणना गर्दा ६ महिना भन्दा बढी घर परिवारवाट वाहिर रहेकाहरु सो घरपरिवारमा गनिन्दैनन । बाहिरी बसाइँसराइले गर्दा पनि जनसङ्ख्याको

आकार बृद्धिदर र पुरुष महिला अनुपातमा प्रभाव पारेको हुनुपर्छ। हाल पुरुष/महिला अनुपात ९४.२ रहेको देखिन्छ। यसैगरी आन्तरिक बसाइँसराइको बढ्दो लहरले वि.स. २०५८ को जनगणनाको तुलनामा २०६८ को जनगणनामा हिमाली क्षेत्रको जनसङ्ख्या ४४.३ बाट घटेर ४३.० पुगेको छ। तर तराई क्षेत्रको भने ४८.४ बाट बढेर ५०.३% पुगेको छ। यसैगरी शहरी जनसङ्ख्या र ग्रामीण जनसङ्ख्यामा पनि थपघट भएको देखिन्छ। वि.स. २०५८ को जनगणनामा ग्रामीण जनसङ्ख्या ८६.४१% रहेकोमा यो सङ्ख्या घटेर वि.स. २०६८ मा ८२.९ पुगेको छ। यस्तै वि.स. २०५८ मा शहरी जनसङ्ख्या १३.५९% रहेकोमा यो संख्या बढेर वि.सं. २०६८ को जनगणनामा १७.१ पुगेको छ। यसलाई हेर्दा हिमाल तथा पहाडबाट हुने आन्तरक बसाइँसराई को चाप शहर तथा तराई क्षेत्रमा पर्न गएको छ। हिमाली र पहाडी क्षेत्रका पनि अविकसित ग्रामिण क्षेत्रबाट विकासित बजार तथा शहरी क्षेत्रतर्फ बसाइँसराइ गर्नाले ग्रामीण क्षेत्रको जनसङ्ख्या घद्दो अवस्थामा रहेको छ।

## २.३ सम्बन्धित साहित्यको पुनरावलोकनको उपदेयता


आन्तरिक बसाइँसराइको कारण र प्रभावको अवस्था सम्बन्धि अध्ययन गर्नका लागि यस विषयवस्तु सँग सम्बन्धित साहित्यहरु र विविध लेखकहरुले लेखेका लेख, रचना, पुस्तक र विद्धानहरले प्रतिपादन गरेका सिद्धान्तहरु अध्ययन गरी विषयवस्तुको गहिराइमा पुग्न महत्वपूर्ण सहयोग गरेको छ। यस्ता सामग्रीले शोधकार्य गर्न निर्देशन प्राप्त हुन गई अनुसन्धान विश्वसनीय र वैद्य हुन पुगेको छ।

अध्ययनका क्रममा प्रयोग गरिएका विविध साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाकाबाट यस अध्ययन सँग सम्बन्धित विभिन्न लेख, रचनाले यस अध्ययन कार्यक्रमलाई अगाडि बढ्न र खोजिनीति हुन नसकेका विविध विषयमा खोजी गर्न सहयोग मिलेको छ। यस अध्ययनले नमूना छनौटमा परेका आन्तरिक बसाइँसराइका कारणहरु र त्यसबाट उत्पन्न समस्या/प्रभावलाई विष्लेषण गरी अव्यवस्थित जनसङ्ख्या वितरण, अव्यवस्थित सहरीकरण जस्ता समस्याका साथै गन्तव्य स्थलमा पर्न जाने नकारात्मक प्रभाव प्रति सचेत भई आवश्यक संरक्षण संवर्दनमा जोड दिनुपर्ने र प्राप्त निष्कर्ष तथा सुझावहरु व्यवहारिक रुपमा कार्यन्वयन हुनुपर्ने विषयमा जोड दिएको छ।

## २.४ अवधारणात्मक ढाँचा

सम्वन्धित साहित्यको पुनराओलोकनको अध्ययनले यस अध्ययनको अवधरणात्मक ढाँचालाई अगाडि बढाउन सहयोग पुऱ्याउछ । यसको अध्ययनले आन्तरिक बसाईसराईको कारण र प्रभावहरूमा अनुकूल प्रभाव पर्न जाने तथा स्वास्थ्य, शिक्षा, सामाजिक, आर्थिक अवस्थाले आन्तरिक बसाईसराईमा प्रभाव पार्दछ । यस अनुसन्धानलाई तात्वयुक निष्र्कषमा पुग्नको लागि चित्रात्मक रूपमा प्रस्तुत गरिएको छ ।

अवधारणत्मक ढाँचा




आन्तरिक बसाई सराई गर्ने क्रममा कुनै एउटा क्षेत्रको सीमाना भित्र अन्य कुनै भौलिक वा राजनितिक क्षेत्रको सीमाना नाघेर बसोबासको लागि आउने प्रक्रियालाई भित्रि बसाई सराई (In migration) र बसाँइ सरी आउने व्यक्तिहरुलाई बसाइसराई (In migration) भनिन्छ त्यसैगरी कुनै निश्चित क्षेत्रको सीमाना नाघेर वा अन्य क्षेत्रमा बसाईसराई जाने प्रक्रियालाई बाह्रय बसाई सराई (out- migration) भनिन्छ भने यसरी बसाई सराई जाने व्यक्तिलाई बाह्रय बसाई सराई कर्ता (out -migration) भनिन्छ ।

कुनै पनि निश्चित भौगोलिक क्षेत्र बसोबास गरी रहका मानिसहरु पेशा कारण एका ठाँउबाट अर्को ठाँउमा बसाइ सर्नृ गर्दछन् भने यस्ता सरुवालाई पेशागत बसाइ सराई लिन सकिन्छ । नेपालमा, विभिन्न पेशामा आवद्ध मानिसहरु बसाँई सराई सर्ने गर्दछन । बसाइ सराईलाई सामाजिक, आर्थिक, राजनितिक सांस्कृतिक, जनसाङख्यिक वातावरणिय तथा

मनोवैज्ञानिक तत्वहरुले प्रभाव पारि हरको हुन्छ । बसाइ सराइलाई प्रभाव पार्ने आकर्षक तत्व (Pull factors) भन्नाले शिक्षा स्वास्थ्य, आवास, मनोरञ्जन यातायात, सञ्चार तथा प्राविधिक, रोजगारी जस्ता अवसरले मानिसहरु आफ्नो बासस्थान छोडि कुनै नयाँ गन्तव्य स्थान (Place of destination)  मा उन्मुख हुने वा वसोवास गर्न प्रोप्साहित गर्दछ ।

# परिच्छेद : तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

अनुसन्धान कार्यलाई व्यवस्थित रुपामा सम्पन्न गर्नका लागि अनुसन्धान गर्नु पूर्व तयार गरिएको योजनाबद्ध कार्यलाई अनुसन्धान ढाँचा भनिन्छ। अनुसन्धान ढाँचा प्रस्तावित अनुसन्धानको सबै तहहरूमा उठन सक्ने प्रश्नहरूलाई समाधान गर्न सक्ने पूर्व कार्य योजना हो, त्यसैले यो अनुसन्धान सञ्चालनको रणनीति, कार्ययोजना, विस्तृत खाका एवं मार्ग चित्र हो। यस अध्ययनलाई वर्णनात्मक ढाँचामा आधारित भई पुरा गरिएको छ।

## ३.२ जनसङ्ख्या र नमूना छनौट प्रक्रिया

यस अनुसन्धानका लागि झापा जिल्ला शरणामति गा.वि.स को वर्डा नं. ७ र ८ मा विगत ५ वर्ष भित्रमा बसाईंसरी आउने कुल ५० घरका ५० जनालाई नमुना जनसंख्याको रुपमा छनौटगरिएको छ।

### ३.२.१ नमुना छनौटको आकार

शरणामति गा.वि.स को वर्डा नं. ७ र ८ मा आन्तरिक बसाइँसराइको कारण र प्रभाव विषयमा सरोकारवाला व्यक्ति तथा संघ, संस्थालाई सूचनाको स्रोतका लागि छनौट गरिएको छ। साथै उक्त अध्ययन क्षेत्रमा विगत ५ वर्ष भित्रमा बसाइँसराई गरी आउने ५० घरमुलीहरूलाई जनगणना विधिबाट छनोट गरिएको छ।

## ३.३ तथ्याङ्क संकलनका स्रोतहरू

कुनै पनि अध्ययन अनुसन्धानलाई सफलता पूर्वक सम्पन्न गर्न र प्रमाणिकरण बनाउन तथ्याङ्कको सङ्कलन अध्ययन आवश्यक पर्दछ। त्यसैले यस शोधकार्यलाई सम्पन्न गर्नको लागि निम्नअनुसार प्राथमिक तथा द्वितीय स्रोतलाई सामग्री सङ्कलनका रूपमा लिइएको छः

(क) **प्राथमिक स्रोतः** यस शोधकार्य अध्ययन अनुसन्धान कार्यमा छनोट गरिएका घरधुरीमा आफैं उपस्थित भई प्रत्येक घरका घरमूलीबाट अन्तरवार्ता सूचीको प्रयोग गरी तथ्याङ्ब सङ्कलन गरिएको छ

**(ख) द्वितीय स्रोतः** यस अनुसन्धान कार्यमा द्वितीय स्रोतका रूपमा पत्रपत्रिका, जर्नल, अनुसन्धान प्रतिवेदन, लेख, रचना, शोधकार्य,सन्दर्भग्रन्थ सूचि र विभिन्न निकायबाट प्राप्त तथ्याङ्कलाई लिइएको छ ।

## ३.४ अध्ययनका साधनहरु

यस अध्ययनका लागि छनौट गरिएको आन्तरिक बसाइँसराइ गर्ने शरणामति गा.वि.स को वर्डा नं. ७ र ८ का ५० घरमूली/अत्तरदाताहरुलाई  अन्तरवार्त सूची जसमा बन्द प्रश्नावलीको प्रयोग गरी सुचना तथा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ साधनको वैद्यता

अध्ययन कार्यलाई उद्देश्यपूर्ण वनाउन तथ्याङ्क संकलनको लागि तयार गरिएका अन्तरवार्ता सूचीको वैधता तथा स्तरियता परीक्षण गर्न सुपरीवेक्षकलाई जाँच गराइएको छ। साथै अन्तर्वार्ता सूचीका लागि बनाइएको प्रश्नावलीहरूलाई शरणामति गा.वि.स वडा नं. ५ मा वसाईसरी अएका १० जना घरमुलिमा गरिएको पूर्व परीक्षणबाट बैद्धताको परीक्षण गरीएको छ ।

## ३.६ तथ्याङ्क संकलन प्रक्रिया

शोध अध्ययनलाई पूरा गर्नका लागि तथ्याङ्क संकलनको लागि प्रयोग गरिएको अन्तर्वार्ता सूचिलाई शरणामति गा.वि.स को वर्डा नं. ७ र ८ विगत ५ वर्ष भित्रमा बसाइँ सरी आउने घरमूली / उत्तरदाताहरुलाई प्रत्यक्ष रुपमा भेटगरी बन्द प्रश्नवली अन्तर्वार्ता सूची विधिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

## ३.७ तथ्याङ्कको व्याख्या विश्लेषण प्रक्रिया

प्रस्तुत अनुसन्धानका क्रममा तयार पारिएका विभिन्न तथ्याङ्कका साधनहरुबाट संकलित प्राथमिक तथ्याङ्कहरुलाई ब्याख्या र विश्लेषण गरी, आवश्यकतालाई मध्यनजर राख्दै दिइएको तथ्याङ्कलाई प्रतिशतमा देखाई आवश्यकता अनुसार वृतचित्र, स्तम्भचित्र र तालिकामा प्रस्तुत गरी सरल र स्पष्ट रुपमा आकर्षित खालको बनाइएको छ । साथै अनुसन्धानबाट प्राप्त तथ्याङ्कको ब्याख्या र विश्लेषणलाई पारदर्शिता र सहज रुपबाट निष्कर्ष निकालिएको छ ।

# परिच्छेद : चार

# नतिजाको व्याख्या र छलफल

बसाइँसराई जनसङ्ख्या परिवर्तनको एक कृत्रिम तत्व हो । मानिसहरु सुखभोगका लागि तुलनात्मक रुपमा विकासित स्थललाई गन्तव्य बनाई एक स्थानबाट अर्को स्थानमा वसाइ सराइ गर्ने गर्दछन् । अन्तरिक बसाइँसराइको लहर पछिल्लो समयमा बढ्दो क्रममा रहेको छ । आन्तरिक बसाइँसराइले उद्‌यम स्थलमा जनशक्तिको अभाव हुने, उर्वराभूमि बाँझिन्दै जाने जस्ता समस्या/प्रभावहरु देखापर्दछन् भने गन्तव्य स्थलमा जनचाप वढ्न गई वातावरण प्रदुषण हुने, उब्जाउ भूमिहरु वस्तीमा परिपात हुने, उपलब्ध स्रोत साधनले धान्न नसक्ने, अव्यवस्थित सहरीकरण बढ्ने, जनसङ्ख्याको असमान वितरण जस्ता समस्याहरु उत्पन्न भैरहेको छ । यसै सन्दर्भमा झापा जिल्ला, रानीवास गा.वि.स.को शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ लाई पनि एउटा उदाहरणको रुपमा लिन सकिन्छ । यो क्षेत्र अन्य ग्रामीण इलाकाको तुलनामा विकासोन्मुख तथा मानवीय आवश्यक स्रोत, साधन तथा पूर्वाधारहरुले युक्त भएकोले अन्य गा.वि.स तथा जिल्लाहरुबाट बसाइँसरी आउने सङ्ख्या बर्षेनी वृद्धि भइरहेको छ ।

## ४.१ उमेर तथा लिङ्ग अनुसार नमूना जनसङ्ख्या बनोट

उमेर तथा लिङ्ग अनुसार जनसङ्ख्याको बनोटले गन्तव्य स्थलको जनसाख्यिक वितरणमा प्रभाव पार्दछ । उमेर तथा लिङ्ग अनुसार जनसाख्यिक वितरणका कारण प्रत्यक्ष रुपमा गन्तव्य स्थलमा उपलब्ध स्रोत तथा साधन माथि प्रभाव पार्दछ । उमेर तथा लिङ्गको आधारमा जनसङ्ख्याको वितरणले जनसंख्यिक तत्वमा मात्र प्रभाव नपरी यसले सामाजिक, आर्थिक र विकास निर्माणका योजनामा समेत प्रभाव पार्दछ । अध्ययन क्षेत्रको लिङ्ग तथा उमेरको आधारमा जनसङ्ख्याको बनोटलाई तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

तालिका नं. १ : उमेर तथा लिङ्गको आधारमा नमुना जनसङ्ख्याको बनोट

| विवरण | सङ्ख्या | ४० वर्ष भन्दा कम | ४० वर्ष देखि ६० वर्ष सम्म | ६० वर्ष भन्दा माथि | प्रतिशत |
|---|---|---|---|---|---|
| महिला | १५ | ४ | ७ | ४ | ३० |
| पुरुष | ३५ | ११ | १७ | ७ | ७० |
| जम्मा | ५० | १५ | २४ | ११ | १०० |

तालिका नं १ लाई हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७, ८ मा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने नमुना जनसङ्ख्या मध्ये महिला घरमुलि भएको ३० प्रतिशत र पुरुष ७० प्रतिशत रहेको देखिन्छ भने १५ जना ४० वर्ष भन्दा कम र २४ जना ४०-६० वर्ष उमेर समुहको रहेको छन् भने ६० वर्ष भन्दा माथिका ११ जना रहेको छन् ।

## ४.२ नमूना जनसङ्ख्याको शैक्षिक अवस्था

शिक्षा देश विकास तथा समाज परिवर्तनको मुख्य संवाहक हो । मानिसको गुणस्तरीय जीवन पद्धति शिक्षामा निर्भर रहेको हुन्छ । समग्रमा हेर्दा यस क्षेत्रको शैक्षिक अवस्था सुधारउन्मुख रहेको छ । यस क्षेत्रमा एउटा निम्न माध्यमिक विद्यालय, एउटा उच्च माध्यमिक विद्यालय तथा एउटा संस्थागत विद्यालय रहेको छ ।

तालिका नं. २ : नमुना जनसङ्ख्याको शैक्षिक अवस्था

| तह | निरक्षर | सामान्य लेखपढ | आधारभूत तह | १० कक्षा पास | उच्च शिक्षा | जम्मा |
|---|---|---|---|---|---|---|
| संख्या | ८ | ३ | ९ | १४ | १६ | ५० |
| प्रतिशत | १६ | ६ | १८ | २८ | ३२ | १०० |

शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ को शैक्षिक अवस्थालाई हेर्दा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने कुल नमुना जनसङ्ख्या मध्ये ८ जना निरक्षर ३ जना सामान्य लेखपढ ९ जना आधारभूत तह १४ जना १० कक्षा पास र उच्च शिक्षा १६ जनाले गरेको पाईयो ।

## ४.३ पेशाको आधारमा नमुना जनसङ्ख्याको बनोट

मानव जीवन निर्वाहका लागि जतिसुकै विकसित स्थलमा बसाइसरी गएतापनि कुनै न कुनै एउटा पेशा गर्नु अनिवार्य हुन्छ । पेशालाई व्यक्तिको शैक्षिक, सामाजिक, आर्थिक तथा राजनैतिक तत्वहरुले प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव पार्दछ । शिक्षाले मानिसको पेशालाई निर्धारण गर्दछ किनकी उच्च शिक्षा हासिल गरेको व्यक्तिको तुलनामा कम शिक्षा हासिल गरेको व्यक्ति तुलनात्मक रुपमा कठिन प्रयास गर्नुपर्दछ । यस क्षेत्रमा बसोवास गर्ने नमुना जनसङ्ख्यालाई निम्न तालिकामा पेशाका आधारमा प्रस्तुत गरिएको छ ।

तालिका नं ३ : पेशाको आधारमा नमुना जनसङ्ख्याको बनोट

| पेशा | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| कृषि | २५ | ५० |
| व्यापार | १० | २० |
| वैदेशिक रोजगार | ८ | १६ |
| सेवा/निजमति/शिक्षक | ५ | १० |
| प्रहरी सेना | २ | ४ |
| जम्मा | ५० | १०० |

तालिका नं. ३ लाई हेर्दा यस क्षेत्रमा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने मध्ये सवै भन्दा बढि कृषि पेशामा संलग्न ५० % रहेको देखिन्छ भने झापा जिल्ला दक्षिणी क्षेत्रको व्यापारिक केन्द्र भएकोले व्यापार व्यवसायमा संलग्न हुने उद्देश्यले २०% जनसङ्ख्या वसाँइसराइ गरी आएको देखिन्छ । यसैगरी सरकारी तथा गैर सरकारी सेवामा संलग्नता तथा प्रहरी सेवामा संलग्न १४% र वैदेशिक रोजगारीमा १६ रहेको छ ।

## ४.४ पारिवारिक आर्थिक अवस्था

बसाइसराइलाई आर्थिक पक्षले सकारात्मक प्रभाव पार्दछ । व्यक्तिको आर्थिक विकासका लागि हरेक पेशा तथा व्यवसाय अँगालेका हुन्छन् । आफ्नो जीवन निर्वाहका लागि आवश्यकता परिपूर्ति गर्ने गरिन्छ । यसै सन्दर्भमा अध्ययन क्षेत्रका नमूना घरपरिवार संख्याको आर्थिक अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ४ : नमुना घरपरिवार सङ्ख्याको वार्षिक आम्दानी

| अम्दानी रकम | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ५०,००० भन्दा कम | ३ | ६ |
| ५०,००० देखि १,००,००० | ५ | १० |
| १,००,००० देखि १,५०,००० | ७ | १४ |
| १,५०,००० देखि २,००,००० | ६ | १२ |
| २,००,००० देखि ३,००,००० | ८ | १६ |
| ३,००,००० देखि ५,००,००० | १० | २० |
| ५,००,००० भन्दा माथि | ११ | २२ |
| जम्मा | ५० | १०० |

तालिका नं. ४ अनुसार शरणामति गा.वि.स को वार्ड नं. ७, ८ मा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने नमुना जनसङ्ख्या मध्ये अधिकांशको आर्थिक अवस्था राम्रो देखिन्छ । जहाँ ५ लाख भन्दा माथि वार्षिक आम्दानी रहेको २२%, ३ लाख देखि ५ लाख सम्म वार्षिक आम्दानी रहेको २०% २ लाख देखि ३ लाख सम्म रहेको १६%, १ लाख ५० हजार देखि २ लाख सम्मको १२%, १ लाख देखि १ लाख ५० हजार सम्मको १४%, ५० हजार देखि १ लाख सम्मको १०% र ५० हजार भन्दा कम बार्षिक आम्दानी रहको ६% परिवार संख्या पाइयो ।

## ४.५ नमुना घरपरिवारको घरको प्रकार

बसाइँसराइ पछि बजार तथा वस्ती व्यवस्थापनमा घरको प्रकारले पनि प्रत्यक्ष रुपमा प्रभाव पार्दछ । यस अध्ययन क्षेत्रमा विगत १० वर्ष भित्रमा बसाइसरी आउने नमुना घरपरिवार सङ्ख्याको घरको प्रकार सम्बन्धी प्राप्त तथ्याङ्कलाई तालिका नं. ५ मा प्रस्तुत गरिएको छ :

तालिका नं. ५ : परिवारको घरको प्रकार

| घरको प्रकार | परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पक्की | ४ | ८ |
| अर्धपक्की | ३० | ६० |
| कच्ची | ११ | २२ |
| टाटीले बारेको | ५ | १० |
| जम्मा | ५० | १०० |

तालिका नं. ५ अनुसार यस बजारमा बसाइसरी आउने जम्मा नमुना घरपरिवार सङ्ख्या मध्ये ६०% को घर अर्धपक्की, २२% को कच्ची, टाटीले वारवेर गरेको १०% र ८%को घरपरिवारको घर पक्की रहेको पाइयो ।

## ४.६ आन्तरिक बसाइसराइको प्रवृत्ति

नेपालका अधिकांश विकसित शहर तथा गाउँहरुमा मानिसहरु सुखभोग गर्नका लागि वसाइसराइको केन्द्रको रुपमा जनचाप बढ्ने क्रम निरन्तर रहेको छ । झापा जिल्लाको शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा पनि विगत ५ वर्ष भित्रमा वसाइसराइको क्रम बढ्दै गई एक गन्तव्य स्थलको रुपमा परिचित बन्दै गएको छ । शरणामति गा.वि.स को र्वा नं.  ७ र ८ मा आर्थिक वर्ष २०६२/०६३ देखि ०७२/०७३ सम्ममा भएको बसाइसराइको प्रवृत्तिलाई निम्न अनुसार तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६ : आन्तरिक बसाइसराइको प्रवृत्ति

| आर्थिक वर्ष | वसाइसराई गरी आउने परिवार सङ्ख्या | कुल जनसङ्ख्याको प्रतिशत |
|---|---|---|
| २०६८/०६९ | ८ | १६ |
| २०६९/०७० | ९ | १८ |
| २०७०/०७१ | ७ | १४ |
| २०७१/०७२ | १४ | २८ |
| २०७२/०७३ | १२ | २४ |

तालिका नं. ६ लाई हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ को आन्तरिक बसाइसराइको प्रवृत्ति क्रमशः आ.ब. २०६८/०६९ मा जम्मा जनसङ्ख्याको १६% ले बसाँइसरी आएको देखिन्छ। यसैगरी आ.व. २०६९/०७० मा १८%; २०७०/०७१ मा यो सङ्ख्या घटेर कुल परिवारसङ्ख्याको १४%ले बसाइसराइ गरी आएको पाइयो। आ.ब. २०७१/०७२ मा २८% रहेको बसाइसरी आउनेको सङ्ख्या घटेर आ.ब. २०७२/०७३ मा २४% पुगेको छ। यसरी हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ क्षेत्रमा क्रमिक रुपमा मानिसहरु आकर्षित भई गन्तव्य स्थलको रुपमा लिन चाहनेको सङ्ख्या बढ्दै जाने देखिन्छ। यसलाई तुलना गर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा हुने बसाईसराइको प्रबृति बढ्दो अवश्थामा रहेको पाईयो।

## ४.७ आन्तरिक बसाइसराइका कारणहरु

आन्तरिक बसाइसराइका प्रमुख कारणहरुलाई फरक फरक तालिका र विश्लेषण गरी प्रस्तुत गरिएका छन् :

### ४.७.१ नमुना घरपरिवार सङ्ख्याको बसाइसराइको मुख्य कारण

मानिसहरु सुखभोगका लागि रहरले तथा वाध्यतावस बसाइँसराइ गर्दछन्। यस अध्ययन क्षेत्रमा ५ वर्ष भित्रमा बसाइसरी आउनुपर्ने मुख्य कारणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ७ नमुना घरपरिवारको बसाइसराइको मुख्य कारण


| बसाइसराइको मुख्य कारण | नमुना घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| स्वच्छिक /रहरले | ४६ | ९२% |
| बाध्यताले | ४ | ८% |
| जम्मा | ५० | १००% |

माथिको तालिकालाई हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा विगत ५ वर्ष भित्रमा बसाइसराइ गरी आउने कुल नमुना परिवार संख्या मध्ये ९२% आफ्नै रहर वा इच्छाले बसाइसरी आएको पाइयो भने ८% परिवारले वाध्यात्मक परिस्थितिले गर्दा बसाइसरी आएको देखिन्छ।

### ४.७.२ आन्तरिक बसाइसराइका सामाजिक कारणहरु

शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा बसाइसराइको प्रवृत्ति दिनानु दिन बढ्दै जानुमा विभिन्न कारणहरुले प्रत्यक्ष रुपमा बसाइसरुवाहरुलाई प्रभाव पारेको छ। वसाइसराइका सामाजिक पक्षलाई आकर्षक गर्ने कारणहरुलाई निम्ना चित्रमा प्रस्तुत गरिएको छ :

चित्र नं. १ : आन्तरिक बसाइँसराइका सामाजिक कारणहरु




चित्रलाई हेर्दा यस क्षेत्रमा बसाइसराइ गरी आउने जम्मा ५० घरपरिवार नमूना सङ्ख्या मध्ये ४४% शिक्षाको आकर्षणका कारण ३०% स्वास्थ्य, १०/१०% मानव बसोवास र खद्यन्नको उपलब्धता र ६% सामाजिक सुरक्षाको प्रभावका कारण वसाइसराइ गरेको तथ्य पाइयो। यस अनुसार यस क्षेत्रमा रहेको उच्च माध्यमिक साथै यहाँ रहेको प्राथमिक स्वास्थ्य केन्द्र, प्रसूति सेवा र नीजि क्लिनिकहरुको प्रभावले पनि मानिसहरु उद्गम स्थललाई छोडी बसाइसरी आएको पाइयो।

### ४.७.३ आन्तरिक बसाइँसराइको आर्थिक कारणहरु

मानिसहरु सुख भोगका लागि आर्थिक सम्बृद्धि र रोजगारीका अवसर उपलब्ध हुन सक्ने स्थल तर्फ आकर्षण हुने क्रम बढ्दै गएको छ। आर्थिक पक्ष सबल भएमा

मानिसहरुको हरेक आवश्यकतालाई सहज ढङ्गबाट पुरा गर्न सकिन्छ । यस शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा आन्तरिक बसाइँसराइ गरी आउनमा कुन आर्थिक पक्षले वढि आकर्षण हुनु भयो भनी सङ्कलन गरीएको तथ्याङ्कलाई निम्न अनुसार तालिका नं. ८ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८ : आन्तरिक बसाइँसराइको आर्थिक कारणहरु

| आर्थिक कारण | नमुना घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| रोजगारी | १२ | २४ |
| व्यापार/व्यवसाय | २२ | ४८ |
| पर्यटन उद्योग | २ | ४ |
| बैङ्क तथा वित्तिय संस्था | ९ | १८ |
| सहरीकरण | ५ | १० |
| जम्मा | ५० | १०० |

तालिका नं. ८ लाई विश्लेषण गर्दा झापा जिल्लाको दक्षिणी क्षेत्रमा विगत लामो समय देखि दैनिक उपभोग्य वस्तुहरुको आपूर्ती गर्ने व्यापारीक केन्द्रको रुपमा स्थापित यस शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा सबैभन्दा बढी घरपरिवारहरु व्यापार व्यवसाय गरी आर्थिक लाभ लिनको लागि बसाइँसरी आएको तथ्य पाइयो । जुन संख्या कुल नमुना संख्याको ४८% रहेको छ । यसैगरी रोजगारीको खोजीमा २४%, पर्यटन व्यवसायको आकर्षणले ४%, बैङ्क तथा वित्तिय संस्थाको आकर्षणका कारण १८% र सहरीकरणको विकासका प्रभावका कारण १०% नमुना घरपरिवार संख्याले यस क्षेत्रमा बसाइँसराइ गरी आएको पाइयो ।

## ४.७.४ आन्तरिक बसाइँसराईका अन्य कारण

मानिसहरु विभिन्न कारण आफ्नो बासस्थानलाई छाडी सुविधा सम्पन्न स्थानमा बसोबास परिवर्तन गर्ने गर्दछन् । जसमा उनीहरुलाई प्रत्यक्ष तथा परोक्षा रुपमा विभिन्न तत्वले प्रभाव पारेको हुन्छ । यहाँ शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा पनि बसाइँ सरी आउने नमुना घर परिवार संख्याको तथ्याङ्क अनुसार उनीहरुर्ला बसाइँसरी आउनु आकर्षण गरेका अन्य तत्व सम्बन्धी विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९ : आन्तरिक बसाइँसराइका अन्य कारणका प्रभाव

| अन्य कारण | नमुना घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| वातावरण | २७ | ५४ |
| सरकारी निती | ५ | १० |
| राजनैतिक कारण | ४ | ८ |
| आफन्त नातागोता | ८ | १६ |
| सूचना प्रवीधी | ६ | १२ |
| जम्मा | ५० | १०० |

तालिका नं. ९ लाई हेर्दा यस बजारमा अध्ययनका क्रममा नमूनाका रुपमा छनौट गरीएका परिवार संख्य मध्ये यहाँको उचित हावापानी तथा मनोरम भौगोलिक अवस्थितीको प्रभावका कारणले ५४% घरपरिवार संख्या बसाईसरी आएको पाइयो । यसै गरी बजार व्यवस्थापन तथा सहरीकरणको सरकारी नितीका कारण १०%, राजनैतिक प्रभावका कारण ८%, आफन्त नातागोताको प्रभावका कारण १६% र यस क्षेत्रमा उपलब्ध सूचना प्रवृधिको सेवा सुविधाका कारण १२% घरपरिवार संख्याले विगत १० वर्ष भित्रमा यहाँ बसाइसरी आएको तथ्याङक पाइयो ।

## ४.८ आन्तरीक बसाइँसराइँका आकर्षक सरकारी तथा गैर सरकारी संस्थाहरु

शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ लाई आन्तरिक बसाइँसराइँको गन्तव्य स्थल बनाइनुका मुख्य कारणहरु संग संगै यस बजारमा रहेका अन्य थप सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सम्बन्धी निम्नानुसार चर्चा गरिएका छन् ।

### ४.८.१ शैक्षिक संस्था

शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा रहेका आन्तरिक बसाइँसराइँको आकर्षणमा केन्द्र विन्दुका रुपमा विभिन्न संघ संस्थाहरुको प्रमुख भूमिका देखिन्छ । अध्ययन समय सम्ममा यस वजारमा निम्नानुसारका शैक्षिक संस्थाहरु रहेको पाइयो ।

तालिका नं. १० : शैक्षिक संस्था सम्बन्धि विवरण

| शैक्षिक संस्थाहरु | संख्या |
| --- | --- |
| सामुदायिक उच्च मा.वि. | १ |
| आवासिय वोर्डिङ्ग | २ |
| कम्प्युटर तथा अङ्ग्रेजी भाषा प्रशिक्षण केन्द्र | ३ |
| सामुदायिक अध्ययन केन्द्र | १ |
| ट्युसन सेन्टर | २ |
| जम्मा | ९ |

## ४.८.२ स्वास्थ्य संस्था

मानिसहरु उपचार सहज ढङ्गबाट गर्न छिटो र प्रभावकारी स्थलको खोजीमा दिनप्रतिदिन बसाइँसराइँ गरिरहेका हुन्छन् । यस अध्ययनमा अध्ययन क्षेत्र बनाइएको शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ क्षेत्रमा अध्ययन समयमा रहेको विवरणका आधारमा निम्नानुसार स्वास्थ्य संस्थाहरु रहेको पाइयो ।

तालिका नं. ११ : स्वास्थ्य संस्था सम्बन्धी विवरण

| स्वास्थ्य संस्थाहरु | संख्या |
| --- | --- |
| प्राइभेट पोलिकिल्निक | २ |
| प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| निजि क्लिनिक | २ |
| डेन्टल | १ |
| जम्मा | ६ |

## ४.८.३ बैङ्क तथा वित्तिय संस्था

शरणामति ७ र ८ मा आन्तरिक बसाइँसराइँको क्रम दिनप्रतिदिन बढ्दै जानुका एउटा आकर्षक कारणका रुपमा यहाँका बैङ्क तथा वित्तिय संस्थाहरुको पनि प्रभाव रहेको छ । मानिसले आवश्यक रकम पठाउन तथा पठाएको रकम लिएका साथै रकम जम्मा गर्ने तथा ऋण लिने सेवालाई सहजरुपमा उपभोग गर्नका लागि बैङ्क तथा वित्तिय संस्थाको

पहुच क्षेत्रमा बसाइँ सर्ने गर्दछन् । सोही अनुरुप शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा बसाइँसराइँ गरी आउनका आकर्षक बैङ्क तथा वित्तिय संस्थाहरु सम्बन्धी उपलब्ध विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छन् ।

तालिका नं. १२ : बैङ्क तथा वित्तिय संस्था सम्बन्धी विवरण

| बैङ्क तथा वित्तिय संस्था | संख्या |
|---|---|
| लघुवित्त सहकारी | १ |
| सहकारी | ४ |
| मनिट्रान्सफर | २ |
| जम्मा | ७ |

### ४.८.४ अन्य संस्था

शरणामति ७ र ८ मा आन्तरिक बसाइँसराइँका आकर्षक अन्य संघ संस्था सम्बन्धी अध्ययन समयमा गा.वि.स. कार्यालयबाट प्राप्त विवरणका आधारमा निम्नानुसार रहेको पाइयो ।

तालिका नं. १३ : अन्य संस्था सम्बन्धी विवरण

| संस्था | संख्या |
|---|---|
| इलाका प्रहरी कार्यालय | १ |
| हुलाक | १ |
| भेट्नरी | १ |
| विभिन्न क्लब तथा संस्था | ५ |
| जम्मा | ८ |

## ४.९ आन्तरिक बसाइँसराईले गन्तव्य स्थलमा पारेको प्रभाव

बसाइँसराइ एउटा जनसङ्ख्या परिवर्तनको कृत्रिम तत्व हो जसले उद्गम स्थल र गन्तव्य स्थल दुवै ठाउँमा प्रत्यक्ष प्रभाव पार्दछ । बसाइसराइले कुनै पनि स्थलमा सकरात्मक र नकरात्मक दुवै प्रभाव पार्दछ । झापा जिल्लाको शरणामति ७ र ८ मा भएको आन्तरिक बसाइसराइले गन्तव्य स्थलमा पारेको प्रभावहरुलाई तल चर्चा गरिएको छ ।

तालिका नं. १४ : आन्तरिक बसाइँसराइँले गन्तव्य स्थलमा पारेको प्रभाव

| प्रभाव | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | २० | ४० |
| नकारात्मक | ३० | ६० |
| जम्मा | ५० | १०० |

तालिका नं. १४ लाई विष्लेषण गर्दा शरणामति ७ र ८ लाई आन्तरिक बसाइँसराइँले सकारात्मक प्रभाव पारेको छ । भन्ने ४०% नमुना घर परिवार र नकारात्मक प्रभाव पारेको छ भन्ने ६०% परिवार रहेको पाइयो । समग्रमा विष्लेषण गर्दा अव्यवस्थित बसाइँसराइँका कारणले गर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ लाई सकारात्मक भन्दा नकारात्मक प्रभाव बढी पर्न गएको देखिन्छ ।

## ४.९.१ गन्तव्य स्थलमा पारेको सकारात्मक प्रभाव

आन्तरिक बसाइँसराइले गन्तव्य स्थलमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पारेको हुन्छ । बसाइँसराइ प्रक्रियाले कुनैपनि स्थलको महत्व बढ्दै जाने तथा सहरकरण तर्फ उन्मुख भई विकसित सहरमा रुपान्तरण हुन जान्छ यसैगरी प्रशस्त मात्रामा जनशक्ति उपलब्ध हुनो विभिन्न पूर्वधार विकास तथा संचालनमा सहज परिस्थिती सृजना हुनाले विकास निर्माणमा अगाडि बढ्न पनि सजिलो हुन्छ । आन्तरिक बसाइँसराइले गन्तव्य स्थलमा पारेको सकारात्मक प्रभावलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १५ : आन्तरिक बसाइँसराइले गन्तव्य स्थलमा पारेको सकारात्मक प्रभाव

| सकारात्मक प्रभाव | घरपरिवार संख्या | प्रतिशत |
|---|---|---|
| थप संघ संस्था स्थापना | ४ | २० |
| जनशक्तिको उपलब्धता | ७ | ३५ |
| बजारको स्तर वृद्धि | ८ | ४० |
| थाहा छैन | १ | ५ |
| जम्मा | २० | १०० |

तालिका नं. १५ का अनुसार शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा आन्तरिक बसाइसराइ प्रक्रियाले बजारको स्थर वृद्धि भई सहरीकरण तर्फ उन्मुख हुँदै गरेको तथ्याङ्क

पाइयो । जुन नमुना परिवार संख्या मध्ये ४०% ले प्रस्ट पारेका छन् । यसै गरी आन्तरिक बसाइसराइले यस बजारमा थप दक्ष जनशक्ति भित्रीने क्रम निरन्तर बढ्दै गएकोले विकाश निर्माण सम्बन्धि कम सहज बन्दै गएको देखिन्छ । जनशक्तिको उपलब्धतामा सकरात्मक प्रभाव पारेको तथ्याङ्क कुल घरपरिवार संख्याको ३५% रहेको छ । यहाँका २०% घरपरिवरका उत्तरदाताका अनुसार जनसंख्या चाप बढ्दै जादाविभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुका शाखाहरु स्थापना हुँदै गएको सकरात्मक पक्ष प्रस्तुत गरेका छन् भने ५% नमुना घरपरिवरले सकारात्मक प्रभावका बारेमा थाहा नभएको बताए यसलाई हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा आन्तरीक बसाइसराइले गर्दा जनशक्तिको अभाव समाधान हुने बजारको स्तर वृद्धि भई नगरपालिका बन्ने सम्भावना र विभिन्न संघ संस्थाहरु स्थापना हुँदै जाने क्रम रहेको सकारात्मक पक्ष पाइयो ।

## ४.१० आन्तरिक बसाइँसराइले गन्तव्य स्थलमा पारेको नकारात्मक प्रभाव

बसाइसराइ एउटा यस्तो तत्व हो जसले गन्तव्य स्थलमा सकारात्मक तथा नकारात्मक दुवै पक्षबाट प्रभाव पारेको हुन्छ । आन्तरिक वसाइसराईले गन्तव्य स्थलको जनचाप बढ्दै जाने र उपलब्ध स्रोत साधनले धान्न नसक्ने हुन्छ जसले गर्दा झै झगडा , हिंसा जस्ता कुराहरु बढ्दै जान्छन् । यतिमात्र नभइ कतिपय स्थलको भौगोलिक मनोरम दृश्य, ऐतिहासिक महत्व बोकेका स्थलहरु समेत मानव वस्तीमा रुपान्तरण भई अस्तित्व मेटिन्दै जान्छ । अध्ययन क्षेत्रमा आन्तरिक बसाइसराइले पारेको नकारात्मक प्रभावलाई तालिका नं. १६ मा प्रस्तुत गरिएको छ :

तालिका नं. १६ : आन्तरिक वसाइसराइले गन्तव्य स्थलमा पारको नकारात्मक प्रभाव

| नकारात्मक प्रभाव | घरपरिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|
| साधन स्रोतको अभाव | ९ | ३० |
| सरकारी जमिन तथा वन अतिक्रमण | ७ | २३.३ |
| प्रदुषण | ११ | ३६.७ |
| थाहा छैन | ३ | १० |
| जम्मा | ३० | १०० |

तालिका नं. १६ का अनुसार दिनानुदिन शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ एउटा सानो क्षेत्रमा बढ्दै गएको आन्तरिक बसाइसराइको प्रभावले विभिन्न क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। यहाँका नकरात्मक प्रभाव परेको भन्ने घरपरिवार संख्या मध्ये ३६.७% ले प्रदुषण बढ्न गई मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको भन्ने पाइयो। यसैगरी ३०% ले स्रोत साधनको अभाव बढ्दै गएको, २३.३% ले यहाँका ऐतिहासिक स्थलहरुमा अतिक्रमण हुने क्रम बढ्दै गएको र १०% ले खासै थाहा नभएको भन्ने तथ्य पाइयो। यसलाई हेर्दा बजार व्यवस्थापन सम्बन्धी उचित नीतिको अभावले यहाँ प्रदुषण अतिक्रमण, साधनस्रोतको अभाव, जस्ता नकारात्मक प्रभावहरु बढ्दै गएको देखिन्छ।

### ४.१०.१ साधन स्रोतमा नकारात्मक प्रभाव

आन्तरिक बसाइँसराइँले गन्तव्य स्थलमा परेको नकारात्मक प्रभावहरुमध्ये प्रत्यक्ष रुपमा उपलब्ध साधन स्रोतमा पनि पर्दछ। शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा भएको आन्तरिक बसाइँसराइँले साधन स्रोतमा निम्नानुसार प्रभाव पारेको छ।

तालिका नं. १७ : साधान स्रोतमा नकारात्मक प्रभाव

| साधन स्रोत | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| खानेपानी नपुगेको | ४ | ४४.४ |
| विद्यार्थीको विद्यालयमा चाप वढेको | १ | ११.२ |
| खाली जग्गा अतिक्रमण भएको | २ | २२.२ |
| अन्य | २ | २२.२ |
| जम्मा | ९ | १००% |

तालीका नं. १७ अनुसार यस बजारमा दिनप्रतिदिन वृद्धि भइरहेको आन्तरिक बसाइँसराइँका कारण साधन स्रोत माथि परेको प्रभाव सम्बन्धमा अध्ययन गर्दा खानेपानीको अभाव भएको ४ घर विद्यालयमा विद्यार्थी चाप बढेको ४ घर खाली जग्गामा अतिक्रमण भएको २ घर र अन्य स्रोतमा प्रभाव पुगेको भन्ने २ घर रहेको पाइयो। यसलाई हेर्दा जनसंख्याको वृद्धिसंगै स्रोत साधनको उपभोग क्रमिक रुपमा बढ्दै गइरहेको देखिन्छ।

## ४.१०.२ प्रदुषण

शरणामति गा.वि.स को वार्ड नं. ७, ८ र ९ मा हुने आन्तरिक बसाइसराइले बजारको अवस्थामा पारेको नकारात्मक प्रभावका सम्बन्धमा अध्ययन गर्दा विभिन्न क्षेत्रहरूमा प्रदुषण वृद्धि भएको भन्ने जानकारी प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १८ : प्रदुषण सम्बन्धी विवरण

| प्रदुषण | घरपरिवार सङ्ख्या | प्रतिशत (%) |
|---|---|---|
| पानी | २ | १८.२ |
| हावा | ३ | २७.३ |
| भूमि | ४ | ३६.३ |
| ध्वनि | २ | १८.२ |
| जम्मा | ११ | १०० |

तालिका नं. १८ लाई विश्लेषण गर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा भएको आन्तरिक बसाइसराइका कारण विभिन्न स्रोतमा भएको प्रदुषण सम्बन्धी प्राप्त तथ्याङ्क अनुसार पानी १८.२%, हावा २६.३%, भूमि ३६.३% र ध्वनि प्रदुषण बढेको भन्ने १८.२% नमूना घरपरिवार रहेको पाइयो ।

## ४.११ प्राप्ति

१. ५० जना घरमुलिमा महिलाहरू ३० प्रतिशत र पुरुष ७० प्रतिशत रहेको देखिन्छ भने १५ जना ४० वर्ष भन्दा कम र २४ जना ४०-६० वर्ष उमेर समुहको रहेको छन् भने ६० वर्ष भन्दा माथिका ११ जना रहेको छन् ।

२. कुल नमुना जनसङ्ख्या मध्ये ८ जना निरक्षर ३ जना सामान्य लेखपढ ९ जना आधारभूत तह १४ जना १० कक्षा पास र उच्च शिक्षा १६ जनाले गरेको पाईयो ।

३. यस क्षेत्रमा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने मध्ये सवै भन्दा बढि कृषि पेशामा संलग्न ५० % रहेको देखिन्छ भने झापा जिल्ला दक्षिणी क्षेत्रको व्यापारिक केन्द्र भएकोले व्यापार व्यवसायमा संलग्न हुने उद्देश्यले २०% जनसङ्ख्या वसाँइसराइ गरी आएको

देखिन्छ । यसैगरी सरकारी तथा गैर सरकारी सेवामा संलग्नता तथा प्रहरी सेवामा संलग्न १४% र वैदेशिक रोजगारीमा १६ रहेको छ ।

४. शरणामति गा.वि.स को वार्ड नं. ७, ८ मा विगत ५ वर्ष भित्रमा बसाइसरी आउने नमुना जनसङ्ख्या मध्ये अधिकांशको आर्थिक अवस्था राम्रो देखिन्छ । जहाँ ५ लाख भन्दा माथि वार्षिक आम्दानी रहेको २२%, ३ लाख देखि ५ लाख सम्म वार्षिक आम्दानी रहेको २०% २ लाख देखि ३ लाख सम्म रहेको १६%, १ लाख ५० हजार देखि २ लाख सम्मको १२%, १ लाख देखि १ लाख ५० हजार सम्मको १४%, ५० हजार देखि १ लाख सम्मको १०% र ५० हजार भन्दा कम बार्षिक आम्दानी रहको ६% परिवार संख्या पाइयो ।

५. यस क्षेत्रमा बसाइसरी आउने जम्मा नमुना घरपरिवार सङ्ख्या मध्ये ६०% को घर अर्धपक्की, २२% को कच्ची, टाटीले वारवेर गरेको १०% र ८%को घरपरिवारको घर पक्की रहेको पाइयो ।

६. शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ को आन्तरिक बसाइसराइको प्रवृत्ति क्रमशः आ.ब. २०६८/०६९ मा जम्मा जनसङ्ख्याको १६% ले बसाँइसरी आएको देखिन्छ । यसैगरी आ.व. २०६९/०७० मा १८%; २०७०/०७१ मा यो सङ्ख्या घटेर कुल परिवारसङ्ख्याको १४%ले बसाइसराइ गरी आएको पाइयो । आ.ब. २०७१/०७२ मा २८% रहेको बसाइसरी आउनेको सङ्ख्या घटेर आ.ब. २०७२/०७३ मा २४% पुगेको छ । यसरी हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ क्षेत्रमा क्रमिक रुपमा मानिसहरु आकर्षित भई गन्तव्य स्थलको रुपमा लिन चाहनेको सङ्ख्या बढ्दै जाने देखिन्छ । यसलाई तुलना गर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा हुने बसाईसराइको प्रबृति बढ्दो अवश्थामा रहेको पाईयो ।

७. शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा विगत ५ वर्ष भित्रमा बसाइसराइ गरी आउने कुल नमुना परिवार संख्या मध्ये ९२% आफ्नै रहर वा इच्छाले बसाइसरी आएको पाइयो भने ८% परिवारले वाध्यात्मक परिस्थितिले गर्दा बसाइसरी आएको देखिन्छ ।

८. बसाइसराइ गरी आउने जम्मा ५० घरपरिवार नमूना सङ्ख्या मध्ये ४४% शिक्षाको आकर्षणका कारण ३०% स्वास्थ्य, १०/१०% मानव बसोवास र खद्यन्नको उपलब्धता र

६% सामाजिक सुरक्षाको प्रभावका कारण बसाइसराइ गरेको तथ्य पाइयो । यस अनुसार यस क्षेत्रमा रहेको उच्च माध्यमिक साथै यहाँ रहेको प्राथमिक स्वास्थ्य केन्द्र, प्रसूति सेवा र नीजि क्लिनिकहरुको प्रभावले पनि मानिसहरु उद्गम स्थललाई छोडी बसाइसरी आएको पाइयो ।

९. झापा जिल्लाको दक्षिणी क्षेत्रमा विगत लामो समय देखि दैनिक उपभोग्य वस्तुहरुको आपूर्ती गर्ने व्यापारीक केन्द्रको रुपमा स्थापित यस शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा सबैभन्दा बढी घरपरिवारहरु व्यापार व्यवसाय गरी आर्थिक लाभ लिनको लागि बसाइँसरी आएको तथ्य पाइयो । जुन संख्या कुल नमुना संख्याको ४८% रहेको छ । यसैगरी रोजगारीको खोजीमा २४%, पर्यटन व्यवसायको आकर्षणले ४%, बैङ्क तथा वित्तिय संस्थाको आकर्षणका कारण १८% र सहरीकरणको विकासका प्रभावका कारण १०% नमुना घरपरिवार संख्याले यस क्षेत्रमा बसाइँसराइ गरी आएको पाइयो ।

१०.यस बजारमा अध्ययनका क्रममा नमूनाका रुपमा छनौट गरीएका परिवार संख्य मध्ये यहाँको उचित हावापानी तथा मनोरम भौगोलिक अवस्थितीको प्रभावका कारणले ५४% घरपरिवार संख्या बसाइँसरी आएको पाइयो । यसै गरी बजार व्यवस्थापन तथा सहरीकरणको सरकारी नितीका कारण १०%, राजनैतिक प्रभावका कारण ८%, आफन्त नातागोताको प्रभावका कारण १६% र यस क्षेत्रमा उपलब्ध सूचना प्रवृधिको सेवा सुविधाका कारण १२% घरपरिवार संख्याले विगत १० वर्ष भित्रमा यहाँ बसाइसरी आएको तथ्याङक पाइयो ।

११. शरणामति ७ र ८ लाई आन्तरिक बसाइँसराइँले सकारात्मक प्रभाव पारेको छ । भन्ने ४०% नमुना घर परिवार र नकारात्मक प्रभाव पारेको छ भन्ने ६०% परिवार रहेको पाइयो । समग्रमा विष्लेषण गर्दा अव्यवस्थित बसाइँसराइँका कारणले गर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ लाई सकारात्मक भन्दा नकारात्मक प्रभाव बढी पर्न गएको देखिन्छ ।

१२. शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा आन्तरिक बसाइसराइ प्रक्रियाले बजारको स्थर वृद्धि भई सहरीकरण तर्फ उन्मुख हुँदै गरेको तथ्याङक पाइयो । जुन नमुना परिवार संख्या मध्ये ४०% ले प्रस्ट पारेका छन् । यसै गरी आन्तरिक बसाइसराइले यस बजारमा थप दक्ष जनशक्ति भित्रीने क्रम निरन्तर बढ्दै गएकोले विकाश निर्माण सम्बन्धि

कम सहज बन्दै गएको देखिन्छ। जनशक्तिको उपलब्धतामा सकरात्मक प्रभाव पारेको तथ्याङ्क कुल घरपरिवार संख्याको ३५% रहेको छ। यहाँका २०% घरपरिवरका उत्तरदाताका अनुसार जनसंख्या चाप बढ्दै जादाविभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुका शाखाहरु स्थापना हुँदै गएको सकरात्मक पक्ष प्रस्तुत गरेका छन् भने ५% नमुना घरपरिवरले सकारात्मक प्रभावका बारेमा थाहा नभएको बताए यसलाई हेर्दा शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा आन्तरीक बसाइसराइले गर्दा जनशक्तिको अभाव समाधान हुने बजारको स्तर वृद्धि भई नगरपालिका बन्ने सम्भावना र विभिन्न संघ संस्थाहरु स्थापना हुँदै जाने क्रम रहेको सकारात्मक पक्ष पाइयो।

१३. शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ एउटा सानो क्षेत्रमा बढ्दै गएको आन्तरिक बसाइसराइको प्रभावले विभिन्न क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ। यहाँका नकरात्मक प्रभाव परेको भन्ने घरपरिवार संख्या मध्ये ३६.७% ले प्रदुषण बढ्न गई मानव स्वास्थ्यमा प्रतिकुल प्रभाव पारेको भन्ने पाइयो। यसैगरी ३०% ले स्रोत साधनको अभाव बढ्दै गएको, २३.३% ले यहाँका ऐतिहासिक स्थलहरुमा अतिक्रमण हुने क्रम बढ्दै गएको र १०% ले खासै थाहा नभएको भन्ने तथ्य पाइयो। यसलाई हेर्दा बजार व्यवस्थापन सम्बन्धी उचित नीतिको अभावले यहाँ प्रदुषण अतिक्रमण, साधनस्रोतको अभाव, जस्ता नकारात्मक प्रभावहरु बढ्दै गएको देखिन्छ।

१४. बजारमा दिनप्रतिदिन वृद्धि भइरहेको आन्तरिक बसाइँसराइँका कारण साधन स्रोत माथि परेको प्रभाव सम्बन्धमा अध्ययन गर्दा खानेपानीको अभाव भएको ४ घर विद्यालयमा विद्यार्थी चाप बढेको ४ घर खाली जग्गामा अतिक्रमण भएको २ घर र अन्य स्रोतमा प्रभाव पुगेको भन्ने २ घर रहेको पाइयो। यसलाई हेर्दा जनसंख्याको वृद्धिसंगै स्रोत साधनको उपभोग क्रमिक रुपमा बढ्दै गइरहेको देखिन्छ।

१५. शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा भएको आन्तरिक बसाइसराइका कारण विभिन्न स्रोतमा भएको प्रदुषण सम्बन्धी प्राप्त तथ्याङ्क अनुसार पानी १८.२%, हावा २६.३%, भूमि ३६.३% र ध्वनि प्रदुषण बढेको भन्ने १८.२% नमूना घरपरिवार रहेको पाइयो।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझाव

## ५.२ निष्कर्ष

बसाइँसराइका कारणले गर्दा कतिपय स्थानहरु सुन्य हुँदै गईरहेको अवस्था छ भने कतिपय स्थानहरुमा स्रोत र साधनले ठेग्न नसक्ने गरी जनचाप बढ्न गई विभिन्न किसिमका समसयाहरु बढ्न जाने देखियो । उक्त अध्ययन क्षेत्रमा बसोबास गर्ने लैङ्गिक, अनुपात, जातिगत तथा पेशागत विवरणका आधारमा धेरैको फरक अनुपात नरहेको पाइयो । जसले गर्दा विकास निर्माण तथा व्यवसायिक पक्षमा सुधारका लागि प्रतिस्पर्धा तिव्र रहेको पाइयो । उक्त अनुसन्धान क्षेत्रमा बसाइ सरी आउने प्रवृत्ति क्रमिक रुपमा बढ्दै जानाले गन्तव्य स्थलमा सकारात्मक प्रभाव संगै नकारात्मक प्रभाव पनि पारेको पाइयो । जसले गर्दा बजार व्यवस्थापनलाई थप प्रभावकारी बनाउन, आवश्यक पहलहरुमा पनि जोड दिने गरेको पाइयो ।

यस अध्ययन क्षेत्र शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ मा बसाइँसराइका आकर्षक तत्वहरुका रुपमा यहाँका शैक्षिक संस्था, स्वास्थ्य संस्था, बैङ्क तथा वित्तिय संस्था, अनुकुल वातावरण, सुरक्षा निकायहरुको भूमिका प्रभावपूर्ण रहेको पाइयो । आन्तरिक बसाइँसराइको दिनप्रतिदिनको वृद्धिदरले शरणामति गा.वि.स को वार्ड नं. ७ र ८ को सानो क्षेत्रमा बाक्लो वस्तीहरुको तिव्र वृद्धिदरले विभिन्न जोखिम तथा बजारको रमणीय क्षेत्र पनि घट्दै गईरहेको पाइयो । अध्ययन क्षेत्रमा बसोबास गर्ने मानिसहरु छिमेकी गा.वि.स.हरुबाटै बसाइँ सरी आएका हुनाले यस बजारलाई त्यत्ति नौलो सतहमा ल्याउन त्यति प्रभावकारी योजनाहरु तर्जुमा गर्ने प्रयास नगरिएको पाइयो । यस क्षेत्रमा बसाइ सरी आएका अधिकांश बासिन्दाहरु बसाइँसराइका सामान्य विकसित आकर्षक तत्वहरुलाई सुखभोग गर्नका लागि आउको पाइयो । बसाइँसराइ सम्बन्धी ठोस तथा प्रभावकारी नियम नीति निर्माण नहुँदा कतिपय मानिसहरु बसाइँसराइको प्रमाणपत्र पनि बसोबास गर्दै आएको पाइयो । जसले गर्दा जनसङ्ख्या व्यवस्थापनमा उत्गम स्थल तथा गन्तव्य स्थलमा दोहोरो प्रभाव परेको पाइयो ।

यस अध्ययन क्षेत्रमा बसाइ सरी आउने बसाइँसरुवाहरुले यस बजारलाई व्यवस्थित बनाइ सहरीकरण गर्नुभन्दा पनि व्यवसायिक लाभ आर्जन गर्ने दृष्टिले मात्र लिइरहेको हुँदा यो

क्षेत्रमा बसाइँ सरी आउने सङ्ख्या बढ्दै गए पनि यसा क्षेत्रलाई व्यवस्थापन गर्न त्यत्ति स्थानीयवासीले चासो प्रकट नगरेको पाइयो । उक्त अध्ययन क्षेत्रलाई व्यवस्थित गरी वस्तीको स्तर विकास गरी पहाडी क्षेत्रमा मानिसहरुले आफ्नो गन्तव्य पहिल्याउने वातावरण तथा अवसर सृजना गर्ने प्रयास स्थानीय रुपमा नभएको पाइयो । अध्ययन क्षेत्रलाई आकर्षक बनाउन बसाईँसराइका आकर्षक तत्वहरुलाई प्रभावकारी विकास गरी यसबाट पर्न जाने नकारात्मक प्रभावहरुलाई व्यवस्थापन गर्न यहाँका स्थानीयवासीहरुले त्यत्ति जागरुकता प्रकट नगरेको पाइयो ।

## ५.३ सुझाव

आन्तरिक बसाइँसराइका कारण र प्रभाव विषयक शोधपत्र तयार गर्ने क्रममा अध्ययन क्षेत्र अन्तर्गतका नमुना छनोटमा परेका घरपरिवारका उत्तरदाताहरुसंग प्रश्नावली अन्तर्वार्ता, छलफल तथा गा.वि.स.को कार्यालय, स्थानीय संघसंस्थाका तथ्याङ्कको माध्यमबाट प्राप्त तथ्याङ्कहरुका आधारमा प्राप्त विवरण र निष्कर्षका आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ :

### ५.३.१ नीति निर्माता तह

(क) जनसङ्ख्या व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरु पहाडी क्षेत्रका संभाव्यता वोकेका अनुकुल स्थानहरुमा विकास गरी अनियन्त्रित बसाइसराइँको प्रवृत्ति कम गर्दै लानु पर्ने ।

(ख) स्थानीय स्तरमा हुने आन्तरिक बसाइँसराइको प्रवृत्तिलाई व्यवस्थित गर्न स्थानीय स्तरमा बसाइँसराइका मापदण्ड तथा आवश्यक प्रकृया सम्बन्धी गोष्ठी संचालन गर्नुपर्ने ।

(ग) मानिसहरुका लागि बसोबास गर्न उचित क्षेत्रमा पर्यटन प्रवर्द्धन तथा औद्योगिक संस्थानहरुको स्थापना गरी रोजागरीका अवसरहरु सृजना गरी जनसङ्ख्या व्यवस्थापन गर्न उचित नीति निर्माण गर्न जरुरी रहेको छ ।

(घ) तिव्र आन्तरिक बसाइँसराइको प्रवृत्तिले जनसङ्ख्या व्यवस्थापनमा ल्याउने नकारात्मक प्रभाव र यसले वातावरणीय पक्षमा पर्न जाने असरका कारण मानव जनजीवनमा पर्न

जाने प्रतिकुल अवस्थालाई मध्यनजर गरी सरकारी तथा गैर सरकारी निकायले विकास निर्माणको पहिलो प्राथमिकता पहाडी इलाकालाई जोड दिनुपर्ने देखिन्छ ।

## ५.३.२ अभ्यास तह

(क) अव्यवस्थित बसाइँसराइका कारण जनसङ्ख्या व्यवस्थापनमा प्रतिकुल प्रभाव पर्न गई विकास निर्माणका स्रोत साधनहरुको अधिकतम प्रयोग भई आपूर्तिमा समस्या आउन नदिन जनसङ्ख्या व्यवस्थित गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

(ख) स्थानीय स्तरमा बसाइँसराइ सम्बन्धी आवश्यक मापदण्डका बारे वार्षिक रुपमा जानकारीमूलक कार्यक्रमहरु ल्याउनुपर्ने ।

(ग) आन्तरिक बसाइँसराइको आकर्षक तत्वहरुको पहिचान गरी व्यवस्थित गर्ने कार्यक्रमहरु अगाडि बढाउनु पर्ने ।

(घ) आन्तरिक बसाइँसराइका कारण पर्न जाने नकारात्मक प्रभावलाई न्युनीकरण गर्न विभिन्न जनसहभागितामूलक अभियानहरु संचालन गर्नुपर्ने ।

(ङ) अव्यवस्थित तथा अनियन्त्रित आन्तरिक बसाइँसराईले पर्न जाने वातावरणीय तथा जनसांख्यिक प्रभावलाई कम गर्न योजनावद्ध कार्यक्रम अगाडि बढाउनु पर्छ देखिन्छ ।

## ५.३.३ अनुसन्धान तह

(क) आन्तरिक बसाइँसराइको कारण प्रभाव, प्रवृत्ति, आकर्षक तथा विकर्षण तत्वहरुका सम्बन्धमा अध्ययन अनुसन्धान गरिए पनि विकसित तथा तराइ क्षेत्रमा मात्र सञ्चालन गरिएका र सञ्चालन गरिएका क्षेत्रमा पनि प्रभावकारी प्रतिवेदन बुझाउनु तथा कार्यन्वयनमा आउन नसकेको अवस्थामा यो विषय खोजी गर्नुपर्ने देखिन्छ ।

ख. रोजगारीका लागि विभिन्न सीपमूलक कार्यक्रमहरू तर्जुमा गर्नुपर्ने देखिन्छ ।

ग. यस शोधपत्रमा उल्लेखित चरहरूको बारेमा छुट्टा छुट्टै अध्ययन गर्न सकिने छ र आगामि दिनमा उल्लखित विषयहरूको अध्ययन तथा अनुसन्धान गर्न आउने अनुसन्धानकर्तालाई द्वितिय स्रोतको रुपमा समेत महत्वपूर्ण हुनेछ ।

# सन्दर्भ स्रोत

अधिकारी, कृष्ण (२०७०, कार्तिक १५), ***दिगो विकासका लागि स्वच्छ उर्जा,*** गोरखापत्र, ए एक ।

अधिकारी, नवराज (२०६९), *जनसंख्यातथावातावरण शिक्षा,* काठमाडौं : जुपिटर पब्लिकेसन एण्ड डिष्ट्रिव्युटर्स ।

अर्याल, नवराज (२०६६),*जनसांख्यिकीय मापकहरु र प्रविधि,* काठमाडौं :इन्क्लुसिभ प्रकाशक तथा प्रा.लि. ।

एम.आर, शर्मा पौड्याल (२०७०), *शिक्षक सेवाआयोग परीक्षा सारथि,* काठमाडौंः गुडविल पब्लिकेशनप्रा.लि. ।

काफ्ले, रामेश्वर, (२०६९), *जनसङख्या शिक्षाको सिद्धान्त र दर्शन,* काठमाण्डौं जुपिटर पब्लिसर्स एण्ड  डिष्ट्रिव्युटर्स प्रा.लि. ।

केन्द्रिय तथ्याङ्क विभाग (२०५८), *२०५८ को नतिजा,* काठमाडौं : थापाथली ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६८), *२०६८ को नतिजा,* काठमाडौं : थापाथली ।

खत्री, विष्णुबहादुर (२०६८), *जनसाङ्ख्यीकिय मापक र प्रविधिहरू,* काठमाडौंः सनलाईट पब्लिकेशन ।

*गाँउ पर्श्वचित्र* (२०७२), शरणामाति गा.वि.स.को कार्यलय, झापा ।

ढकाल, सोमनाथ (२०६६), *जनसंख्या गतिशीलता,* काठमाडौं : प्रशान्ति पुस्तकभण्डार ।

थापा, नवराज (२०६०), *जनसंख्या गतिशीलता,* काठमाडौंः प्रशान्ति पुस्तकभण्डार ।

दुलाल,गोविन्द (२०७०)*पाँचथर जिल्ला लुङ्रुपा गा.वि.स. वडा नं. ७, ८ र ९ का सामाजिक आर्थिक अवस्थाले बसाईंसराईंमा पारेको प्रभाव* (अप्रकासित स्नातकोत्तर शोधपत्र) शिक्षा शास्त्र सङ्काय स्वास्थ्य तथा जनसङ्ख्या विभाग, सुकुना ब. क्याम्पस मोरङ्ग

बस्नेत, पूर्णबहादुर (२०७०) *ग्रामीण क्षेत्रमा उद्गम स्थानमा उत्प्रवासनले पारेको प्रभाव* (अप्रकासित स्नातकोत्तर शोधपत्र) शिक्षाशास्त्र सङ्काय स्वास्थ्य तथा जनसङ्ख्या विभाग, सुकुना ब. क्याम्पस मोरङ्ग

विष्ट, प्रेमसिंह र महेन्द्रराज जोशी (२०६६), *जनसङ्ख्या शिक्षाको आधार,* काठमाडौ : भुँडीपुराण प्रकाशन ।

वुढाथोकी, एकबहादुर (२०७१), *मोरङ जिल्ला डाँगिहाट गा.वि.स.को वातावरण प्रदुषण नियन्त्रणका स्थानीय प्रयासहरु,* (अप्रकासित स्नातकोत्तर शोधपत्र) शिक्षा शास्त्र सङ्काय स्वास्थ्य तथा जनसङ्ख्या विभाग, सुकुना ब. क्याम्पस मोरङ्ग ।

राई, ज्वाला (२०६१),*आन्तर्राष्ट्रिय श्रमिक बसाइँसराइँ र यसको उद्गम स्थलमाप्रभाव,* (अप्रकासित स्नातकोत्तर शोधपत्र) मानविकी तथा समाजिक शास्त्र सङ्काय स्वास्थ्य तथा जनसङ्ख्या विभाग, कीर्तिपुर ।

राई, जीवन प्रसाद (२०७०) *घोडेटार बजारको आन्तरीक बसाईसाराइको प्रवृति कारण र प्रभाव* सुकुना ब. क्याम्पस अप्रकाशित शोधपत्र

ज्ञवाली, दामोदर (२०६८), *जनसङ्ख्याशिक्षा सिद्धान्त र दर्शन,* काठमाडौ : सनलाइट पब्लिकेशन, कीर्तिपुर ।

ज्ञवाली, बावुराम (२०६७),*जनसंख्याशिक्षा,* काठमाडौं : क्षितिज प्रकाशन, कीर्तिपुर ।